मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

### परिवर्तनको अपेक्षा र नागरिक अनुभूतिबीच दुरी बढ्नु विडम्बनापूर्णः प्रदेशप्रमुख देवकोटा

# 'मतदाताको एकएक मतको सम्मान गर्नु शहिदप्रति सच्चा सम्मान'

मनिल महतो

हेटौंडा, १६ माघ/ बागमती प्रदेशका प्रदेशप्रमुख देवकोटाले परिवर्तनको अपेक्षा र नागरिक अनुभूतिबीच दुरी बढ्नु विडम्बनापूर्ण भएको बताएका छन् ।

राजनीतिक अस्तित्व, आर्थिक दवाब, विश्वपरिवेश, बेरोजगारी, भ्रष्टाचार, युवा पलायन प्रतिको असन्तुष्टिले नागरिकलाई चिन्तित बनाएको उनको भनाई छ । शहिद दिवस २०८२ को अवसरमा शहिद स्मारक विकास समितिले हेटौंडा-११ स्थित शहिद स्मारकमा शुक्रबार आयोजना गरेको कार्यक्रममा प्रदेशप्रमुख देवकोटाले नेतृत्वकर्ताहरु राजनीतिक अस्थिरतामा रुमल्लिदा देश विकासमा अपेक्षाकृत नतिजा हासिल गर्न चुकेको बताए । उनले देश प्रतिनिधिसभाको चुनावमा होमिइसकेको अवस्थामा निर्वाचन नै लोकतन्त्रको मेरुदण्ड हो भन्ने कुरालाई सबैले आत्मसात गर्नुपर्ने बताए ।




लोकतन्त्र निष्पक्ष, स्वतन्त्र र विश्वासनीय चुनावबाट मात्र बलियो बन्न सक्ने उनको भनाई छ । 'चुनावलाई सत्ताप्राप्तिको प्रतिस्पर्धाको रुपमा मात्र लिनु हुँदैन' उनले भने, 'चुनावले दलहरुलाई जनताको विश्वास मापन गर्ने र नवीकरण गर्ने अवसर प्रदान गर्नेछ ।' आसन्न चुनावलाई द्वन्द्व र विभाजन नभई एकताको आधार बनाउनुपर्नेमा उनले जोड दिए । प्रदेशप्रमुख देवकोटाले चुनावलाई आरोप प्रत्यारोप नभई स्वच्छ प्रतिस्पर्धाको रुपमा लिन आग्रह गरे । राष्ट्र, राष्ट्रियता र जनजीविकाको सवालमा सबै एकजुट हुनुपर्ने उनले बताए ।

प्रदेशप्रमुख देवकोटाले अहिले चेतनाको स्तरमा वृद्धि भएपनि गलत र कपोलकल्पित सूचनाले समाजमा द्वन्द्व फैलाउने खतरा रहेको उल्लेख गरे । 'सामाजिक सञ्जालको प्रयोगमा सबै सचेत रहनुपर्छ' प्रदेशप्रमुख देवकोटाले बताए, 'मानिसको बिवेक सामाजिक सञ्जालको कठघरामा परेर बन्धक बन्न हुँदैन ।' मतदाताको एकएक मतको सम्मान गर्नु र चुनावी प्रक्रियालाई निष्पक्ष राख्नु नै शहीदप्रति सच्चा सम्मान हुने उनको धारणा छ । प्रदेशप्रमुख देवकोटाले तीनवटै तहको सरकार सहित राज्यको जिम्मेवार निकायहरु शहिदको सपना अनुरुप सुशासन, उत्तरदायित्व र जनमुखी सेवामा प्रतिबद्ध हुनुपर्ने बताए ।

प्रदेशप्रमुख देवकोटाले शहिदको सहादत वर्तमान समयमा स्वतन्त्रताको कडी बनेको बताएका छन् । महान शहीदको स्वतन्त्रताको यो दिन चेतना, अस्तित्व, जिम्मेवारी र भविष्यसँग जोडिएको महत्वपूर्ण दिन भएको उनको भनाई छ । प्रदेशप्रमुख देवकोटाले नेपालमा विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तन शहीदहरुको त्याग, बलिदानको परिणाम भएको बताए । राणाशासन अन्त्यदेखि लोकतन्त्र, गणतन्त्रसँग जेनजी युवापुस्ताको आन्दोलनमा शहिद भएकाहरुको त्यागले नयाँ दृष्टान्त पेश गरेको उनले उल्लेख गरेका छन् । शहिदको कारण आज नागरिक अधिकार, मताधिकार, अभिव्यक्ति स्वतन्त्रता र समावेशिताको अभ्यास गर्न सक्षम भएको उनले जिकिर गरे ।

मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले शहिदप्रति सम्मान र श्रद्धाञ्जली व्यक्त गरिरहँदा व्यवहारमा कति काम गऱ्यो भन्ने विषयमा सबैले आत्मसमीक्षा गर्नुपर्ने बताए । उनले नेपाललाई बदलेर समृद्ध नेपाल र नेपालीको मात्र नेपाल बनाउनुपर्ने आजको आवश्यकता रहेको बताए । नेपाली झण्डा काँधमा ओढेर सिंहदर बार जलाउने व्यक्ति नेपाली हुन नसक्ने उनले टिप्पणी गरे । विभिन्न समयमा नेता र नेतृत्वसहित राजनीतिक आन्दोलन भएपनि गत भदौ २३ र २४ गते नेता र नेतृत्वबिना भएको आन्दोलनले अकल्पनीय क्षति हुन पुगेको उनले जिकिर गरे ।

मुख्यमन्त्री बानियाँले युवापुस्ताको नाममा अदृश्य शक्तिले राष्ट्रको अस्तित्व समाप्त पार्ने चलखेल गरिरहेकोले त्यसतर्फ सचेत रहनुपर्ने बताए । मुख्यमन्त्री बानियाँले अब नेपालमा राजनीतिक परिर्वतन हुन बाँकी नरहेकोले वर्तमान व्यवस्था भन्दा उत्तम व्यवस्था अरु कुनै नभएको दाबी गरे । गणतन्त्रले सम्पूर्ण नेपालीको समावेशी, समानुपातिक प्रतिनिधित्व र सबैको अस्तित्वलाई स्वीकार गरेको उनले उल्लेख गरेका छन् । वर्तमान व्यवस्थाभित्रै रहेर जनताको अवस्था परिवर्तन गर्ने अवसर राजनीतिक दलहरुलाई रहेको बताउँदै मुख्यमन्त्री बानियाँले अब राजनीतिक परि वर्तनको नाममा कोही शहिद हुनु नपरोस् भन्नेतर्फ सबै सचेत र हनुपर्नेमा जोड दिए ।

यसैगरी प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले शहिदको सपना अझै पनि पुरा हुन नसकेको बताए । विभिन्न राजनीतिक परिर्वतनबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको संरक्षण गर्ने जिम्मा सबैको भएको उनको भनाई छ । प्रथम मुख्यमन्त्री पौडेलले वर्तमान व्यवस्थाको संरक्षण गर्न नसक्दा शहीद दिवस मनाउनुको कुनै सार्थकता नहुने बताए । आजको युवापुस्ता फरक ढंगले गलत दिशातर्फ गइरहेको उनले उल्लेख गरे । शहिदले देखाएको बाटोलाई पछ्याउने जिम्मा युवापुस्ताको काँधमा रहेपनि ति युवालाई भड्काइएको उनले टिप्पणी गरे ।

**बालकुमारी थापा स्मृति केन्द्रलाई श्रीचन्द्र शर्मा स्मृति पुरस्कार**

कार्यक्रममा श्रीचन्द्र शर्मा स्मृति सम्मान २०८२ बालकुमारी थापा स्मृति केन्द्रलाई प्रदान गरिएको छ । केन्द्रकी अध्यक्ष जुनेलीमाया श्रेष्ठलाई प्रदेशप्रमुख देवकोटाले नगद २५ हजार राशीसहित सम्मानपत्र प्रदान गरेका हुन् ।

ललितपुरको बसेरी गाउँमा २००३ साल असार ३ गते जन्मिएकी बालकुमारी थापा नेपालको स्वतन्त्रता र राष्ट्रिय मुक्तिका लागि सञ्चालित देशभक्तिपूर्ण आन्दोलन र सामाजिक रुपान्तरणको अभियानमा आफू र आफ्नो परिवारको समेत पर्वाह नगरी निरंकुश पञ्चायतकाल प्रतिबन्धित दलहरुको सेल्टरदाता, लोकतन्त्र प्राप्तिको लागि लागेकी थिइन् । उनी मकवानपुरे आमाको नामले पनि परिचिति छिन् ।

उनैको नाममा स्थापित केन्द्रलाई पुरस्कार प्रदान गरिएको समितिका सचिव रघुनाथ खुलालले जानकारी दिएका छन् । सहिद स्मारकमा ढुंगामा कुदिएर बनाइएको शहिदको प्रतिमामा प्रदेशप्रमुख, मुख्यमन्त्री, उपसभामुख, मन्त्रीहरुले माल्यार्पण गरेका थिए । दिवसकै अवसरमा समितिले माघ १० गतेदेखि सप्ताहव्यापी कार्यक्रम गरेको थियो । स्वतन्त्रताको माग गर्दा विसं १९९७ मा सहिद शुक्रराज शास्त्रीलाई माघ १० गते काठमाडौंको टेकुस्थित पचलीमा, माघ १३ गते धर्मभक्त माथेमालाई सिफलमा र गंगालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभाभगवतीमा राणा शासकले मृत्युदण्ड दिएका थिए ।



CG motocorp
Authorized Service Point in Hetauda
Himalayan Motors Pvt.Ltd.
हेटौंडा-२, चौकीटोल, ०५७-५९०३३३, ९८२४२९०९६४, ९८०२५६८९७०

### स्थानीय तह समृद्ध हुँदा मात्र मुलुक समृद्ध हुन्छः प्रदेशप्रमुख देवकोटा

# घरेलु उत्पादन प्रवर्द्धन प्रदर्शनी सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले स्थानीय तह समृद्ध हुँदा मात्र मुलुक समृद्ध हुने बताएका छन् ।



स्थानीय उत्पादनको प्रयोगलाई बृद्धि गरी स्थानीय तहलाई बलियो र समृद्ध बनाउन उनले आग्रह गरे । हेटौंडा उपमहानगर पालिका-१० नं. वडा कार्यालयको आयोजनामा शुक्रबारदेखि सुरु भएको तेस्रो घरेलु उत्पादन प्रवर्द्धन प्रदर्शनी, नृत्य प्रतियोगिता तथा शैक्षिक प्रदर्शनी मेलाको उद्घाटन गर्दै प्रदेशप्रमुख देवकोटाले स्थानीय तहमा उत्पादित उत्पादनको प्रयोग गर्न अरुलाई समेत उत्प्रेरित गर्नुपर्नेमा जोड दिए । अहिलेका युवापिंढी आफ्नो स्थानीय तथा स्वदेशी उत्पादनको प्रयोगमा पूर्णरुपमा सचेत रहेको उनले बताए ।

प्रदेशप्रमुख देवकोटाले घरेलु उत्पादनलाई आफ्नो पहिचानको फेसनको रुपमा लिने प्रवृत्तिको विकास सकारात्मक रहेको उल्लेख गरेका छन् । स्थानीय निकायले कानुनसम्मत तरिकाले स्थानीय उत्पादनको बिक्री वितरण र प्रयोगमा परिणाममुखी ठोस कदम चाल्नुपर्ने उनको धारणा छ । उनले कार्यालय वा व्यक्तिगत उपहार र सजावटमा पनि स्थानीय र स्वेदशी सामग्री प्रयोग गर्नुपर्नेमा जोड दिँदै गुणात्मकता र सुलभ मूल्य कायम राख्नुपर्ने बताए । प्रदेशप्रमुख देवकोटाले सूचनाप्रविधिको अधिकतम प्रयोग गरी फाइदा लिनुपर्ने बताए । राज्यका सबै निकायले प्रविधिमैत्री प्रणालीमा ध्यान दिनुपर्ने उनले उल्लेख गरे ।

ठाउँ विशेष र स्थानीय कच्चापदार्थमा आधारित उत्पादन पकेटक्षेत्र घोषणा गरिनुपर्नेमा उनले जोड दिए । प्रदेशप्रमुख देवकोटाले पूर्वाधारसहितका औद्योगिक ग्राम निर्माण गर्नुपर्ने बताए । लक्ष्यउन्मुख मार्गमा अघि बढ्दा समृद्धि हासिल गर्न सकिने उनको भनाई छ । प्रदेशप्रमुख देवकोटाले स्वदेशी उत्पादनमा जोड दिएर बजारको खोजी र विस्तार गर्नुपर्ने आवश्यकता औंल्याए । उनले घरेलु, हस्तकला, कृषिजन्य उत्पादन तथा प्रयोग र बिक्रीवितरण उद्यमशीलताका महत्वपूर्ण आधारस्तम्भ भएको बताए ।

प्रदेशप्रमुख देवकोटाले आन्तरिक उत्पादनको खपत र निकासीमा अधिकतम जोड दिनुपर्ने उल्लेख गरे । घरेलु तथा हस्तकला, कृषिजन्य उत्पादनले स्वरोजगारलाई बढावा दिएर रोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका खेल्नेमा उनले विश्वास व्यक्त गरे । त्यसैगरी, बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले स्वदेशी उत्पादनले बजार नपाउने र विदेशी उत्पादनले बजार कब्जा गर्ने स्थिति रहेको बताए । बजारमा बिचौलिया हाबी हुँदा स्वदेशी उत्पादन कुहिएर जानुपर्ने अवस्था अन्त्य हुनुपर्ने उनले उल्लेख गरे ।

प्रथम मुख्यमन्त्री पौडेलले स्थानीय वस्तु र उत्पादनलाई बजारमा बिक्री वितरणको प्रबन्ध मिलाउने जिम्मा स्थानीय तहकै भएको बताए । विदेशबाट आयातित बस्तुलाई रोकेर स्वदेशी बस्तुको प्रयोगलाई प्रोत्साहन गर्ने नीति बनाउन पनि उनले आग्रह गरे । बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री बिन्दु श्रेष्ठले सम्पूर्ण जनसमुदाय आर्थिक उत्पादनसँग जोडिए मात्र मुलुकको विकास हुने बताइन् । प्रदेश सरकारले सीप विकास तालिम, प्रविधि हस्तान्तरण तालिम, उत्पादित सामानलाई कोशेलीघरमार्फत बिक्री वितरण गर्ने कार्यक्रम अघि सारेको उनले जानकारी दिइन् ।

मन्त्री श्रेष्ठले उद्यमीलाई व्यवसाय दर्ता गर्दा हुने कानुनी झन्झटलाई अन्त्य गर्न घरमै बसेर दर्ता गर्न सकिने सफट्वेयरको व्यवस्था गर्न लागेको बताइन् । उद्यमशीलता प्रवर्द्धनको लागि हेटौंडा उपमहानगरपालिकासँग सहकार्य गर्न प्रदेश सरकार तयार रहेको उनले उल्लेख गरिन् । तीनवटै तहका सरकारबीच समन्वय अभाव देखिएको बताउँदै उनले आगामी दिनमा उद्यमशीलसँग जोडिएका विषयमा संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेर आर्थिक रुपान्तरणमा महिला, युवा, सीप भएकालाई अगाडि बढाउन उपमहानगरले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताइन् । पूर्वाधारको विकासदेखि लिएर उपमहानगरपालिकालाई नयाँ सहरको रुपमा विकास गर्ने उनले उल्लेख गरिन् । नगरप्रमुख लामाले उत्पादनसँग जोडिएर सानासाना उद्योग निर्माण गर्ने प्रक्रिया सुरु गरिएको जानकारी दिइन् ।

४ वर्षमा १४ वटा उद्योग सञ्चालन गर्ने उपमहानगरको योजनाअनुरुप ढाका, गुन्द्रुक, ड्रागन खेतीमा लगानी भइरहेको उनले बताइन् । शनिबारसम्म हुने मेलामा उपमहानगरका १९ वटै वडामा स्थानीयस्तरमा उत्पादन भएका घरेलु वस्तुको प्रदर्शनी तथा बिक्री गरिने वडाअध्यक्ष फुर्वादोर्जे लामाले बताए । स्थानीय उत्पादनको प्रवर्द्धन, बजारीकरण तथा रोजगार सृजनामा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उनले बताएका छन् । प्रदर्शनीका लागि घरेलु उत्पादनका एक सय वटा स्टल रहेका छन् ।

# गढीको ४ वटा वडामा नेकपाको कार्यकर्ता भेला

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ नेपाली कम्युनिष्ट पार्टी (नेकपा) मकवानपुरले मकवानपुरगढी गाउँपालिकाको ४ वटा वडामा अगुवा कार्यकर्ता भेला गरेको छ ।

फागुन २१ गते हुने प्रतिनिधिसभा चुनावलाई लक्षित गर्दै नेकपाले शुक्रबार गढीको ५, ६, ७ र ८ नं. वडाका अगुवा कार्यकर्ता भेला गरेको हो । भेलामा मकवानपुर क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उमेद्वार लवशेर विष्टले आफू सामान्य नागरिक भएका कारण मकवानपुरको भुगोलमा रहेका समस्याबारे परिचित रहेको बताए । उम्मेदवार विष्टले क्षेत्र नं. २ को समस्या बारे आफू जानकार रहेको बताए । थाहानगरमा बिष्टले उल्लेखनीय काम गरेका कारण पाटीले प्रतिनिधिसभा सदस्यको जिम्मेवारी दिएको कार्यक्रममा सहभागी वक्ताले बताएका छन् ।

कार्यकर्ता भेलामा नेकपाका समानुपातिक उम्मेदवार मंगलसिंह प्रजा, बागमती प्रदेशसभा सदस्य कुमारी मोक्तान, गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखिन, नेकपाका केन्द्रीय सदस्य किशोर बर्तौला, बुद्धिजीवि संगठनका श्याम लामा लगायतले नेता बिष्टको उमेद्वारीले मकवानपुरको क्षेत्र नं. २ का मतदातामा उत्साह थपिएको बताए । भेलामा सहभागीले १२ वर्षपछि आफ्नै पार्टीको चुनावचिन्हमा मतदान गर्ने अवसर मिलेको भन्दै खुशी व्यक्त गरे । २०७० को निर्वाचनपछि भएका गठबन्धनका कारण आफ्नो दलको चुनावचिन्हमा मतदान गर्नबाट बञ्चित भएकोमा मतदातामा निराशा बढेको उनीहरुले बताएका छन् ।

नेपाली कम्युनिस्ट पाटीका गढी गाउँ कमिटी अध्यक्षका युवराज सापकोटाको सभाध्यक्षतामा भेला सम्पन्न भएको हो । भेलामा सुकौरा, बुढीचौर, आमभञ्ज्याङ, गढीका अगुवा कार्यकर्ताको सहभागिता रहेको थियो ।

# रेडियो मकवानपुरको वार्षिकोत्सवमा १८ जनाले गरे रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ रेडियो मकवानपुरको १६ औं वार्षिकोत्सवअन्तर्गत सप्ताहव्यापी कार्यक्रम सुरु भएको छ ।

रेडियोको वार्षिकोत्सव तथा रेडियोको सञ्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारीको स्थापना दिवसको अवसरमा प्रत्येक वर्ष माघ १६ देखि २२ गतेसम्म सप्ताहव्यापी कार्यक्रमको आयोजना हुँदै आएको छ ।

सप्ताहव्यापी कार्यक्रमको पहिलो दिन रेडियो मकवानपुरकै प्राङ्गण हेटौंडा-२ पलपसारोडमा रक्तदानको आयोजना भएको छ । रक्तसञ्चार केन्द्र हेटौंडाको सहकार्यमा भएको कार्यक्रममा १८ जनाले रक्तदान गरेका छन् । कार्यक्रममा रेडियो मकवानपुर सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुली, स्टेसन म्यानेजर गणेशदर्पण अधिकारी, पत्रकार महासंघ मकवानपुरका सचिव केशव समर्पण सुवेदी, दिव्यतारा बहुउद्देश्यीय सहकारीका सचिव ईश्वर पण्डित, मकवानपुर उद्योग वाणिज्य संघका सचिव कुलप्रसाद चौलागाइँ, रक्तसञ्चार केन्द्रका विष्णु रिमाललगायतको




उपस्थिति थियो ।

रक्तदान जीवन दान भन्ने नारासहित पवित्र कार्यबाट सप्ताहव्यापी कार्यक्रमको सुरुवात गरिएको रेडियो सञ्चालक समिति अध्यक्ष पराजुलीले बताए । १७ गते शनिबार हेटौंडा-१८ हर्नामाडीमा रहेको वैदिक संस्कृत गुरुकुलमलाई खाद्यान्न वितरण, १८ गते महिला पत्रकारको संस्था सञ्चारिका समूहलाई सेनेटरी प्याड सहयोग, १९ गते रेडियोमै निर्वाचन आचार संहितासम्बन्धी अन्तरसंवाद, २० गते मिडिया कप फुटसल प्रतियोगिता र २२ गते सप्ताहव्यापी कार्यक्रमको समापन हुनेछ ।

सप्ताहव्यापी कार्यक्रमको समापनमा मकवानपुरका २ जनालाई जनही नगद १० हजार रुपैयाँसहित सामुदायिक सम्मान प्रदान गरिनेछ । रेडियो मकवानपुरले वार्षिकोत्सवमा २ जनालाई सामुदायिक सम्मान र हरितालिका तीजको अवसरमा २ महिलालाई जागरुक महिला सम्म्मान प्रदान गर्दै आएको छ । २०६६ साल माघ १६ गते सहिद दिवसका दिनबाट रेडियो मकवानपुरले नियमित प्रशारण सुरु गरेको थियो ।

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# एप स्टोरमा कसरी छिरे मानिसलाई नंग्याउने एप ?



अमेरिकास्थित गैरनाफामूलक अनुसन्धान संस्था टेक ट्रान्सपरेन्सी प्रोजेक्ट (टीटीपी) ले सार्वजनिक गरेको एक प्रतिवेदनले डिजिटल सुरक्षाबारे गम्भीर प्रश्न खडा गरेको छ । प्रतिवेदनअनुसार एआई प्रविधि प्रयोग गरेर तस्बिरबाट कपडा हटाइदिने खालका दर्जनौँ एपहरू गुगल प्ले स्टोर र एप्पल एप स्टोरमा छिरेका छन् ।

प्राविधिक भाषामा यस्ता एपलाई न्युडिफाई एप भनिन्छ । जसको मुख्य उद्देश्य साधारण तस्बिरलाई अश्लील रूपमा रूपान्तरण गर्नु हो ।यी एपहरू एप्पल र गुगल दुवैका एप स्टोरमा खुलेआम उपलब्ध हुनुले नारी अस्मिताको सुरक्षा, व्यक्तिगत गोपनीयता र डिजिटल नैतिकतामाथि गम्भीर खतरा उत्पन्न भएको हो ।

यस्ता एपहरूले गुगल र एप्पलका सुरक्षा नीतिहरूको प्रष्ट उल्लैन गरिरहनु झनै चिन्ताको विषय रहेको विज्ञको भनाइ छ । ती एपहरूले कसरी एप स्टोरमा प्रवेश पाए र त्यहाँबाट करोडौँ पटक डाउनलोड हुन सके भन्ने प्रश्न अनुत्तरित रहेको छ ।

**करोडौं डाउनलोड, अर्बौंको कारोबार**

समाचार वेबसाइट म्यासेबलमा प्रकाशित रिपोर्ट अनुसार गुगल प्ले स्टोरमा ५५ वटा र एप्पल एप स्टोरमा ४७ वटा यस्ता आपत्तिजनक एपहरू टीटीपीको अनुसन्धानमा फेला परेका छन् । डेटा एनालिटिक्स कम्पनी एप म्याजिकका अनुसार यस्ता एपहरू विश्वभर गरी ७० करोड ५० लाखभन्दा बढी पटक डाउनलोड भइसकेका छन् ।

यी एपहरूको माध्यमबाट अहिलेसम्म करिब ११ करोड ७० लाख अमेरिकी डलर बराबरको आम्दानी भएको अनुमान छ । यस आम्दानीको केही हिस्सा कमिसनका रूपमा एप्पल र गुगललाई पनि प्राप्त हुने भएकाले यस प्रकरणमा दुवै कम्पनी समान रूपमा जिम्मेवार देखिन्छन् । त्यसैले यस्ता अनैतिक र आपत्तिजनक एपहरूको कालो कारोबारबाट एप्पल र गुगलजस्ता विश्वका ठूला प्रविधि कम्पनीहरूले समेत प्रत्यक्ष फाइदा उठाइरहेको तथ्य उजागर भएको छ ।

यो प्रतिवेदन सार्वजनिक भएसँगै एप्पलले यस्ता २८ वटा एपहरू आफ्नो एप स्टोरबाट हटाइएको जानकारी दिएको छ । साथै गुगलले पनि केही एपहरू निलम्बन गरिएको र यस विषयमा थप अनुसन्धान जारी रहेको बताएको छ । तर दुई कम्पनीको यो कदम समस्याको गहनताको तुलनामा अत्यन्तै अपर्याप्त रहेको अनुसन्धानको निष्कर्ष छ ।

टीटीपीका अनुसार प्रयोगकर्ताको पूर्णसुरक्षा र गोपनीयताको दाबी गरेतापनि एआई डीपफेक प्रविधिको दुरुपयोग रोक्न एप्पल र गुगल दुवै असफल भएका छन् । कुनै पनि महिलाको सामान्य तस्बिरलाई अश्लील छविमा रूपान्तरण गर्न सक्ने यस्ता एपहरू उनीहरूकै एप स्टोरमा सजिलै उपलब्ध हुनु महिला सुरक्षा र डिजिटल गोपनीयताका लागि अत्यन्तै डर लाग्दो यथार्थ भएको बताइएको छ ।

**ग्रोक पनि विवादमा तानियो**

एलन मस्कको कम्पनी एक्स एआईले विकसित एआई च्याटबोट ग्रोकमा पनि यस्तै डीपफेक अश्लील सामग्री निर्माण गरिएको विषय पछिल्लो समय विश्वव्यापी विवादको केन्द्रमा आएको थियो । प्रयोगकर्ताहरूले केही अक्षर लेखेर कमाण्ड दिएकै भरमा अश्लील तस्बिर तयार पारिएको थियो ।

सबैभन्दा चिन्ताजनक कुरा त के भने यस्ता गतिविधि रोक्ने कुनै प्रभावकारी सुरक्षा संयन्त्र सुरुवातमा ग्रोकमा उपलब्ध थिएन । पछि विभिन्न देशका सरकारहरूले कडा चेतावनी दिएपछि मात्र ग्रोकमाथि कडाइ भएको हो । एक तथ्याङ्कअनुसार केवल ११ दिनमै ग्रोकको प्रयोग गरेर ३० लाखभन्दा बढी यौन सामग्रीसम्बन्धी तस्बिरहरू निर्माण गरिएका थिए । विशेषज्ञहरूका अनुसार सहमतिबिना तयार गरिने अर्थात् नन-कन्सेन्सुअल डीपफेक अश्लील सामग्रीलाई रोक्न विश्वभरका सरकारहरूले तत्कालै कडा र स्पष्ट कानुनी व्यवस्था ल्याउनु अपरिहार्य भइसकेको छ ।

**यौन स्वास्थ्य**

# कस्तो अवस्थामा गर्भनिरोधक चक्की खानै हुन्न ?



सन्तानको योजना नबनाएका दम्पतीलाई खुलेर शारीरिक सम्बन्ध बनाउन कठिन हुन्छ । खासगरी अनिच्छित गर्भ रहने भयले उनीहरुको यौन जीवन खल्लो बनाइ दिन्छ । यद्यपि अहिले त्यस्ता थुप्रै सुविधा छन्, जसले अनिच्छित गर्भ रहनबाट बचाउँछ । यसमा पनि धेरै प्रचलित छ, गर्भनिरोधक चक्की । सुनौलो गुलाब, निलोकन ह्वाइट जस्ता गर्भनिरोधक चक्की एउटा प्रभावकारी विधि हो अनिच्छित गर्भ रोक्ने ।

यो नवविवाहित जोडी जसले तत्काल सन्तानको योजना बनाएका छैनन् उनीहरूको लागि सबैभन्दा प्रभावकारी गर्भनिरोधक उपाय हो । किनकि यो चक्की सेवन गर्न छोड्ने बित्तिकै गर्भ रहन्छ । यस्तो चक्की सही समयमा नियमित सेवन गर्दा यसले शतप्रतिशत गर्भ रोक्छ । यो ९९ प्रतिशत प्रभावकारी हुन्छ ।

महिनावारी भएको पहिलो दिनबाट नै यो चक्की सुरु गऱ्यो भने काम गर्न थालिहाल्छ । तर महिनावारी भएको पाँचौं दिनबाट सुरु गरेमा भने गर्भ रहने सम्भावना हुन्छ । यस्तो अवस्थामा सात दिन कण्डमको प्रयोग गर्नु उपयुक्त हुन्छ । लगातार २१ दिन यो चक्कीको सेवन गर्नुपर्छ र सात दिन आइरन चक्कीको ।

**कुन अवस्थामा यो चक्की खान हुन्न ?**

टाउको दुख्ने, छातीमा मासु पलाएको, मोटोपन, उच्च रक्तचाप, मधुमेह, हाइपो कोलेस्टेरोल, मुटुको समस्या र ३५ वर्षभन्दा माथिका महिलालाई यो औषधि सेवन नगर्ने सल्लाह दिइन्छ । क्यान्सरको जोखिम भएकाले भने प्याप जाँच गरेर मात्र यस्तो चक्कीको सेवन गर्नुपर्छ । स्वास्थ्य सामान्य अवस्थामा भएका महिलाले पनि यसको सेवन अघि चिकित्सकको सल्लाह लिनु जरुरी हुन्छ ।

उच्च रक्तचाप, मधुमेह र मुटुरोगको औषधि खाइरहेकाहरूले यो चक्की खान मिल्दैन । कुनै कुनै एन्टिबायोटिकको सेवन गरिरहेको बेलामा पनि यो चक्की खान मिल्दैन । आफूखुसी यो औषधि सेवन गर्ने अनि केही साइड इफेक्ट देखियो भने सेवन गर्न छाडेर गर्भ रह्यो भन्ने समस्या लिएर धेरै अस्पताल आउने गरेका छन् ।

**चक्कीले कसरी काम गर्छ ?**

यो हर्मोनल चक्की हो । यसले पाठेघरको मुखमा भएको पातलो पानीलाई बाक्लो बनाएर वीर्यलाई भित्र छिर्न दिंदैन र गर्भ रहनबाट रोक्छ । यो चक्कीले अण्डा निष्कासनलाई पनि कम गर्छ, जसले गर्दा गर्भ रहँदैन ।

यो चक्की सधैं एउटै समयमा खानु उपयुक्त हुन्छ तर बिर्सनु भएन । खानापछि बिहान वा बेलुकी जुन समयमा खाए पनि हुन्छ ।

**साइड इफेक्ट**

यो हर्मोनल चक्की भएकोले पाठेघरको लेयरमा काम गर्ने हो । महिनावारीको बीचमा पनि रगत जाने, मोटोपन, टाउको दुख्ने, बान्ता हुने, ल्युकोरिया लगायत साइड इफेक्ट हुनसक्छ ।

**कुनै दिन खान छुटे के गर्ने ?**

दैनिक सेवन गर्नुपर्ने यो चक्की सकेसम्म छुटाउनु हुँदैन । महिनावारीको पहिलो दिनबाट औषधि सेवन गरेको छ र पहिलो हप्तामा कुनै दिन औषधि छुट्यो भने अर्को दिन दुईवटा चक्की सेवन गर्दा हुन्छ । पहिलो हप्तामा नै दुईवटा चक्की छुट्यो भने दुई दिन दुई-दुईवटा चक्की सेवन गर्नुपर्छ ।

तेस्रो हप्तामा दुई दिनभन्दा बढी औषधि छुट्यो भने औषधिसँगै अन्य गर्भनिरोधक उपाय पनि अपनाउनुपर्छ । लगातार सात चक्की छुट्यो भने औषधि सेवन नै बन्द गरेर फेरि अन्य उपाय अपनाउनुपर्छ र अर्को पटक महिनावारीपछि पुनः खान थाल्नुपर्छ ।

**महिनावारी गडबडीमा पनि काम गर्छ**

विवाहित महिलामा गर्भनिरोधकको रूपमा मात्र होइन, अविवाहितलाई महिनावारीको समयमा धेरै रगत बग्ने, धेरै पेट दुख्ने, महिनावारी गडबडी र पीओसीडीलगायत समस्यामा पनि यो चक्की सेवन गर्न दिइन्छ । तर यस विषयमा धेरैलाई जानकारी नभएको हुनसक्छ ।

यो गर्भ निरोधक चक्की र आकस्मिक गर्भ निरोधक चक्कीमा पनि धेरै जना झुक्किएको पाइएको छ । कति जना हामीले पिल्सको प्रयोग गरिरहेका छौं, तै पनि गर्भ रह्यो भन्दै आउनुहुन्छ । आकस्मिक गर्भनिरोधक चक्की र गर्भनिरोधक चक्कीमा फरक छ ।

# साहित्य

**कविता**

## एउटा बिहानी रोज्न देऊ



✍ किशोर विश्वकर्मा

जिन्दगीका यी संलापहरूमा
एकछिन् मलाई रूझ्न देऊ
जिन्दगीका यी विलापहरूमा
एकछिन मलाई रून देऊ
स्वादहीन आकाशसँगै भिजेको
त्यो चिसो-चिसो बोझिलो शोकहरू
अझै छातीसम्म पुग्न सकेको छैन
आँखाभरि रूझेर आँखामै सुकेका
ती आराधनाहरू
अझै मनभरि फुल्न सकेको छैन ।

जिन्दगीसँग थुप्रै कथाहरू छन्
जिन्दगीसँग थुप्रै व्यथाहरू छन्
ती कथाहरू ती व्यथाहरूलाई
एकछिन भए पनि आँखाभरि सजाउन देऊ ।

प्रत्येक आँखाहरूमा सपना हुन्छ
प्रत्येक बिहानीहरूमा विपना हुन्छ

सपनासँगै विपना बोकेका
समयविहीन ती पाइलाहरूलाई
अझै एउटा बिहानी रोज्न देऊ ।

जिउँदो हुनुको अर्थ
खोज्दा-खोज्दै निदाएका
आफ्नै स्वाभिमानका इतिहासहरूमा
मलाई एउटा उचाइ थप्न देऊ
आत्मोत्सर्ग खोजिरहेका
मान्छेका आवाजहरूलाई
एकछिन भए पनि मुस्कुराउन देऊ ।

**कविता**

## के मिलन हुनु गलत होला र ?



✍ पुरुषोत्तम लोहनी

यदि मिलन हुनु भ्रष्ट हो भने,
टुटेफुटेको, कसरी स्पष्ट हुन्छ होला र,
हामी मिलेको असली, अरू जोडिएको अप्राकृतिक,
कसरी भन्न मिल्छ होला र,

कुन उद्देश्यले मिलन वा बिछोड भएको,
केही समयमा जानकारी नहुने, गोप्य कुरा
नै, के होला र,
स्वार्थ पूरा गर्ने, बाहाना मात्र हो भने,
पानी तताएर, कहिले बाक्लो हुन्छ होला र,

एकता नै बल हो भन्ने प्रमाणित मन्त्र,
सायद नबुझ्ने मानिस को होला र,
यदि बोली र व्यवहारमा उतारेको भए,
समाज र विश्वमा अशान्ति किन वृद्धि
हुन्थ्यो होला र,

मानिस सामाजिक प्राणी हो भन्ने,
मूल मन्त्र नसुन्ने संसारमै को होला र,
तैपनि समाज, देश र विश्वमा,
द्वन्द्व भड्काएर के पुरस्कार प्राप्त होला र,

जोड्न खोज्दा, तोड्न आउने मानिस,
हरेक समाजमा किन नहोला र,
कर्म पवित्र भए, ढिलो वा चाँडो,
अवश्य उत्तीर्ण नहुने को होला र,

सिद्धान्तका कुरा र सुनेको भरमा,
गफ दिन नजान्ने आजकाल सोझो को होला र,
प्रमाणित गरेर देखाउनुहोस्,
पछि लाग्ने भिड वा ताली नपड्काउने को होला र,

मिलनसार स्वभाव संसारमै उत्कृष्ट
मानिसको पहिचान होइन र ?
आफ्नो पहिचान उल्लैन गर्दा,
समाज, देश र अर्को पुस्ताले के सिक्छ होला र,

मिलन र वियोगको परिभाषा
आफू अनुकूल व्याख्या गर्न कसरी मिल्छ होला र,
यो देश हामी सबैको साझा फूलबारी हो,
सबैजना मिली बनाउँदा
मिलन हुनु कुन नजिरले गलत होला र ?

**हास्यव्यङ्ग्य**

## भाग्दाभाग्दै

✍ राजेन्द्र कार्की

बाउलाई घाउ नलाई चुपचाप बसिरहेको थिएँ । कसरी भागेँ, त्यो थाहा भएन । तर भाग्दाभाग्दै आमाको गर्भमा पुगेँ । त्यहाँबाट कता भाग्नु ! चुपचाप बसेँ । नौ महीना जति बसेपछि त्यहाँबाट भागे । भाग्दाभाग्दै धर्तीमा आएँ । धर्तीमा आएपछि अर्तीको खाँचो नहुने रहेछ । अर्तीको भर्ती हुँदाहुँदै बाल्यकाल आधा काल भएर बित्यो । अर्ती भन्थ्यो- पढ्नु पर्छ, ठूलो मान्छे हुनु पर्छ । तर आफूलाई स्कूल जान मनै नलाग्ने । हरेक दिन कक्षा छोडेर स्कूलबाट भाग्दै हिँड्यो । दौडी-दौडी खोलामा गएर पौडी खेल्यो । चौरीमा खेल्यो । कहिले धानको बाला जेल्यो । “पढि गुनी के काम, हलो जोती खायो माम” भन्ने सुनेको मान्छेलाई पढ्न पनि के मन लागोस् ।

खोलामा भलबाढी आउँदा पनि पौडी खेल्न नडराउने मान्छे म । झन् पौडी खेल्ने दह नजिकैको चिउरी भीरमा भोर्लाको लहरामा झुण्डिएर सुरेली खेल्दै तलमाथि गरेर रमिता देखाउथेँ । लडेर मर्ने भो भनेर रमिते डराउँथे, तर म डराउँदिनथेँ । नडराउने हुँदा पिखुवा खोलाको भूमरीमा परेर झण्डै परमधाम पुगेको थिएँ । तर अरू गोठाला साथीहरूले देखेछन् । परमधाम जान दिएनन्, नत्र जिन्दगीले यसरी भाग्दै हिँड्न कहाँ पाउँथ्यो र !

स्कूलबाट भाग्दा पनि म मास्टरसँग डराउँदिनथेँ । मास्टरले कुट्दा छडी भाँचिन्थ्यो, तर म भाँचिन्नथे । कन्सिरी तान्दा कपाल मास्टरको हातभरि हुन्थ्यो । कान तान्दा मास्टरलाई पोलिखान पुग्ने कानै मास्टरका हातमा हुन्थ्यो । तर पनि म पटक्कै डराउँदैनथेँ । जति गर्दा पनि मेरो पढाइ राम्रो भएन, तर सढाइमा चाहिँ म फस्ट थिएँ ।

केही नलागेपछि गाउँको स्कूलबाट निकालेर सदरमुकामको स्कूलमा कायमुकायम दश कक्षामा भर्ना भएँ । बाको बोलवाला नभएको भए मैले कायमुकायम पाउने सम्भावना नै थिएन । सधैं तीन विषय लागेर पास हुने मान्छेलाई कसले पूणर् कक्षामा विराजमान गराउने ? विराजमान गराउने कुरै भएन । भनाइको मतलव प्रोभिजनल । एसएलसी पास हुने हविगतै थिएन । तर कुन कागतालीले हो- लटरी पऱ्यो ।

लटरी परेको मान्छे भोजपुर दावा तमनाबाट रमाना लिएर भाग्दाभाग्दै विराटनगर पुगेँ । विराटनगरको तातो गर्मीमा टिक्न नसकेपछि फेरि भागेर काठमाडौं पुगेँ र त्यहीं तीस वर्ष डुबेँ । तीस वर्षको डुबाईमा बल्ल थाहा पाएँ कि काठमाडौं भगौडाहरूको शहर रहेछ । तालीम पूरा गर्न नसक्ने पुलिसलाई मात्र भगौडा भनेको सुन्थेँ । तर मान्छेको जातै भगौडा रहेछ । थरिथरीका भगौडा छन् यो दुनियाँमा । गाँस र बासको आसमा गाउँबाट भागेर शहरको रहर गर्ने पनि भगौडा । सानो शहरबाट ठूलो शहर भाग्ने भगौडा । देशबाट विदेशमा भाग्ने भगौडा ।

म पनि भागेको भाग्यै छु । भागेको भाग्यै गर्ने साह्रै डरपोक रहिछस् भन्नु होला । शुरूमा डरपोक थिइनँ । जुन दिन काठमाडौं आएँ, त्यही दिनदेखि मेरो मनमा डरले घर गरेको हो । काठमाडौं डरैडरको शहर हो कि के हो ? यदि डरको शहर हुन्थेन भने मल्ल राजाहरू किन चार भन्ज्याङ कटेर बाहिर जान सकेनन् ? बाहिर गएर नेपालको एकीकरण गरेको भए पृथ्वीनारायण शाहको सालिक पनि भत्काउनु पर्ने थिएन । आजसम्म मल्ल राजाका सन्तान श्री ५ महाराजाधिराज हुने थिए । गणतन्त्रको तन्त्र मन्त्र फुक्नु पर्ने पनि थिएन ।

जयप्रकाश मल्लले काठमाडौंमा डरको घर छाडेर गएछन् । त्यही भएकोले काठमाडौंका मान्छे डरछेरुवा भएका हुन् कि जस्तो लाग्छ । म पनि काठमाडौं नआउन्जेल डरपोक थिइनँ । डरको घर कहिले सिंहदरबार बन्छ त कहिले राजदरबार बन्छ । तर गणतन्त्रमा म्युजियम बनेको राजदरबारलाई कसले गन्छ ? गन्दैन । अहिले सबैको गन्नेमान्ने त सिंहदरबार हो । सिंहदरबारको अधिकारको तरबार बालुवाटारबाट चल्न थालेपछि बालुवाटार डरको घर बनेको छ । चन्द्र शमसेरको पालामा पो डरको घर एउटा सिंहदरबार थियो । अब देशभरि धेरै सिंहदरबार भइसके । गाउँदेखि ठूला शहरसम्म थरिथरीका पिर्के बिर्के चन्द्र शमसेरहरू छन् । अब डरको डिग्री काठमाडौंबाट देशभरी छरिएको छ ।

फेरि हामी होइन, तँ पो काफर भन्नु होला । फापर खाएको मान्छे काफरै हुन्छ । स्कच र रोस्ट टोस्ट गर्ने मान्छे पो महसुर हुन्छन् । जनवादको सपनामा शहीद हुन डराउने काँतरहरू गाउँबाट भाग्दै शहर पसे । त्यो शहरको पनि भर नभएपछि परदेश भर भएको छ । परदेश भाग्ने अब त संस्कार भइ सक्यो ।

भगौडाको लहर चलाउनमा मेरा गुरू श्याम तमोटको हात छ कि भन्ने शंका लाग्न थालेको छ । “गाउँ गाउँबाट उठ, बस्ती बस्तीबाट उठ, यो देश बनाउन” भनेर उनले नभनेको भए कोही पनि गाउँबाट बस्तीबाट उठ्ने थिएनन् । “गाउँ गाउँबाट लुट, बस्ती बस्तीबाट लुट यो देश लुट” भनेको भए सबै गाउँमै लुट्ने थिए । कोही पनि उठ्ने थिएनन् । भाग्ने थिएनन् । त्यहीँ बसेको बस्यै हुने थिए भन्नेमा शंका छैन ।

श्याम तमोटले भन्नु भन्दा अगाडि गाउँबाट उठ्ने कुरो कसैले सुनेकै थिएन । जानेकै थिएन । देश बनाउन उठ्दा देश त शेष पो भयो । अब शेष भएको देशमा को बस्ने भनेर युवाहरू परदेशतिर भाग्दैछन् । नपत्याए हेर्न जानुहोस् एअरपोर्टमा । हातमा पासपोर्ट बोकेका कति युवा हरेक दिन भाग्दैछन् । भाग्न बाँकी भएका पनि भाग्ने तयारीमा छन् । पुरूष मात्र होइन, महिला पनि भाग्दैछन् । महिला भगाउनमा जेवी टुहुरेको हात छ कि जस्तो लाग्छ ।

आमा दिदी बहिनी हो, कति बस्छौ दासी भई
सुखको सधैँ प्यासी बनेर ।
आफ्नै पौरख खान्छन् आफ्नै सिपमा बाँच्छन्
दु:ख कष्ट सहेर सृष्टि यिनले थाम्छन् ।

टुहुरेको यो लोकप्रिय गीतले आमा दिदी बहिनीमा ठुलो जागरण ल्यायो । सुखको प्यास मेट्न आमा दिदी बहिनी युरोप, अमेरिका र खाडी मात्र होइन, अफ्रिकाका विभिन्न मुलुक पुगेका छन् । त्यहाँ दु:खकष्ट सहेर आफ्नै पौरख खाँदैछन् । आफ्नै सिपमा बाँच्दैछन् । घरपरिवारको सृष्टि धान्न कोही अफ्रिकाका डान्सबारमा सुखको नाच नाँच्दै छन्, कोही कतार र साउदीको उखरमाउलो गर्मीमा सुख खोज्दै शरीर सेकाउँदैछन् ।

वर्तमानमा मात्र मान्छे भागेका चाहिँ अवश्य होइनन् । झण्डै छब्बिस सय वर्ष अगाडि जन्मिएका बुद्ध भारत भागे । उनी आफू मात्र भारत भागेको भए त हुन्थ्यो । तर अशान्ति छोडेर शान्ति पनि लिएर भागेछन् । फेरि अरनिको पनि चीन भागे । चीनलाई कलामा समृद्ध बनाउन जीवन उतै बिताए ।

एडमण्ड हिलारीसँगै तेन्जिङ नोर्गे शेर्पाले पहिलो पटक सगरमाथा चढेर कीर्तिमान कायम राखे । चम्क है चम्क नेपाली भनेर नेपालीहरू मख्ख पर्दा नपर्दै उनी पनि कीर्तिमानको मानलाई सान लाउँदै भारत भागे । देशका विभूतिहरू नै भागेपछि भोको पेटको आगो निभाउन भाग्नेको के कुरा भो र !

भाग्दाभाग्दै परदेश पुग्ने कोही एक्लो छैन । हरेक ठाउँमा भगौडाको ठुलो संख्या छ । दशैं तिहार, चाड पर्व र विवाह व्रतबन्धमा प्रशस्तै नेपाली भेटिन्छ । मानौं त्यो नै नेपाल हो । फेरि भाग्ने कुनै एउटा गाउँ र देशबाट मात्र छैनन् । दुनियाँमा भाग्ने संस्कृति भईसक्यो । तर सुख खोजेर भाग्दाभाग्दै भागेर मान्छे कहाँ पुग्ने हुन् । त्यो भाग्नेलाई नै थाहा छैन । आखिर जहाँ जति भागे पनि यमराजको द्वारमा पुगेपछि त्यहाँबाट पनि भाग्ने कुनै अर्को द्वार होला त ?

**लघुकथा**

## पुरुष मान्छे

✍ ईगम खालिङ

चिडियाखानाभित्र घुमिरहेको एकजना पुरुष मान्छेको जम्काभेट एउटा बलियो बाघसित हुन्छ । त्यसरी एक्कासि बाघसित भेट हुँदा उसले बाघ वास्तवमा फलामको बारले बारेको खोरभित्र छ भन्ने कुरा नै भुलिपठाउँछ । बाघले उसलाई नचली हेरिरहन्छ । उसले पनि नचली बाघको आँखामा हेरिरहन्छ । डरले उसको हात-खुट्टा कामेर आउँछ । एकछिनपछि बाघ त्यहाँबाट जान्छ । ऊ पनि त्यहाँबाट घर फर्किन्छ । त्यस जम्काभेटको धेरै बेरसम्म उसको मुटु जोरजोरले ढुकढुक गरिरहन्छ ।

बेलुकी घरमा आइपुगेपछि, उसकी श्रीमतीले उसलाई एक कप चिया टक्राउँछे । चिया पिइसकेपछि ऊ टेलिभिजन हेर्न थाल्छ । उसले खोलेको च्यानलमा पनि बाघ नै देखाउँदै रहेछ । बाघ देख्नासाथ अत्तालिएर टेलिभिजन बन्द गर्छ, र एकै सासमा भान्साघरमा पुग्छ । उसलाई भान्साघरमा अचानक देख्दा श्रीमती मुसुक्क मुस्कुराउँछे । तर ऊ भने रिसाउँदै आँखा फुकालेर ठुलो स्वरमा कराउँछ, “म आएको कति भइसक्यो खै अहिलेसम्म चियासमेत दिएकै छैनस् त!” श्रीमती डरले थरथर काम्दै फेरि अर्को एक कप चिया बनाएर उसको अगाडि राखिदिन्छे । उसले बाघले जस्तै घाँटी फुलाएर सुरुपसुरुप चिया पिउन थाल्छ तर श्रीमती भने डरले के गरुँगरुँ भइरहन्छे ।

केही बेरपछि ऊ भान्साघरमा चाल मारेर आउँछ र श्रीमतीलाई बाघले जस्तै टुलटुल हेरिरहन्छ । श्रीमती चाहिँ मृगले जस्तै खिड्कीदेखि बाहिर पुलुक्कपुलुक्क हेरिरहन्छे ।

# बागमतीमा सडक निर्माणसँगै जीविकोपार्जन कार्यक्रम लागू गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ बागमती प्रदेश सरकारले सडक पूर्वाधार निर्माणलाई अब अनिवार्यरुपमा स्थानीय उत्पादन र जीविकोपार्जनसँग जोड्ने नीति अघि सारेको छ ।

प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले सडकले सहरको सामान गाउँ पुर्‍याउने तर, गाउँको उत्पादन सहर नल्याउने हो भने त्यसले पर निर्भरता मात्र बढाउने बताएका छन् । 'प्रादेशिक सडकमार्फत जीविकोपार्जन सिर्जना' सम्बन्धी निर्देशिका तयार गर्न काठमाडौंमा आयोजित कार्यशालालाई सम्बोधन गर्दै मन्त्री डा. देवकोटाले सडक पूर्वाधारको एकतर्फी प्रवाहलाई रोक्नुपर्नेमा जोड दिए । प्रदेशमा सडक सञ्जाल विस्तारमा लोभलाग्दो प्रगति भएपनि त्यसको आर्थिक प्रतिफल कमजोर रहेको उनको भनाइ थियो ।




मन्त्री देवकोटाले भने, 'हामीले गौरव गर्न लायक बाटो त बनायौँ तर, त्यो बाटोले के बोक्यो ? सहरबाट चाउचाउ र एलपी ग्यास बोकेर गाउँ गयो । तर, फर्केर आउँदा के आयो ? केही पनि आएन, गाडी रित्तै फर्कियो ।' करोडौं खर्चेर बनाएको सडकमा दैनिक न्यून सवारी चाप हुनु र आर्थिक गतिविधि नहुनुले लगानीको औचित्यमाथि प्रश्न उठ्ने उनले बताए । नेपालको अर्थतन्त्र भ्याट र करमा आधारित 'ट्रेडिङ इकोनोमी' (व्यापारिक अर्थतन्त्र) मा सीमित भएको भन्दै मन्त्री देवकोटाले चिन्ता व्यक्त गरे ।

विदेशबाट सामान ल्याउने र कर उठाएर राज्य चलाउने परिपाटीको साटो अब आफ्नै माटोमा 'स्वाभिमानी अर्थतन्त्र' निर्माण गर्नुपर्ने उनको तर्क छ । बागमती प्रदेशका १३ जिल्लामा रहेका सम्भावनाका क्षेत्र पहिचान गरी सडक सञ्जालसँग जोड्न सके मात्र 'हरित उद्यम' र स्वाभिमानी अर्थतन्त्र निर्माण हुने उनले स्पष्ट पारे । विकासका काममा अन्तर-मन्त्रालय समन्वयको अभाव रहेको औंल्याउँदै उनले भने, 'कृषि, वन, पर्यटन र उद्योग मन्त्रालयसँग उत्पादनको ज्ञान र बजेट छ, तर, उनीहरुलाई सडक कहाँ बनेको छ भन्ने जानकारी छैन । अर्कोतर्फ, भौतिक मन्त्रालयले सडक त बनायो तर त्यहाँ के फल्छ भन्ने जानकारी राखेन ।'

यही सूचना र समन्वयको खाडल पुर्न अब भौतिक पूर्वाधार मन्त्रालयले कृषि र वन मन्त्रालयसँग भएका 'पकेट क्षेत्र' को तथ्यांक लिएर सडक सञ्जाललाई पुनः परिभाषित गर्ने उनले बताए । मन्त्री देवकोटाले इन्जिनियरहरुलाई सडकलाई केवल रिटेनिङ वाल र कालोपत्रेको प्राविधिक आँखाले मात्र नहेर्न आग्रह गरे । 'तपाईंहरुले ५-१० प्रतिशत ध्यान यसमा पनि दिनुहोस् कि, मैले बनाएको सडकले त्यहाँको रैथाने उत्पादन, जुनार वा जडिबुटी बजार पुर्‍याउन कसरी मद्दत गर्छ ?' उनले प्रश्न गरे ।

कार्यक्रममा मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहठ्ठाले भौतिक पूर्वाधारमा ठूलो फड्को मारेपनि त्यससँगै जोडिनुपर्ने नागरिकको जीविकोपार्जनको पाटो ओझेलमा परेको स्वीकार गरेका छन् । उनले विगतमा साँघुरा ट्र्याक खन्दा सँगै आउने आयआर्जनका योजना अहिले फराकिला र पक्की सडक बन्दा छुट्नु विडम्बनापूर्ण रहेको बताए । सचिव मरहट्टाले मन्त्री देवकोटाको सोचअनुरुप मन्त्रालय अघि बढेको बताउँदै भने, 'हामी ठूलो महत्वाकांक्षा भन्दा पनि सुरुमा सानो र नमुना कार्यक्रमबाट काम थालनी गरौं । सडकलाई उत्पादनसँग जोड्ने विषयमा प्रशासनिक र नीतिगत सहयोग गर्न मन्त्रालय प्रतिबद्ध छ ।'

### चैतभित्र निर्देशिकाको मस्यौदा तयार हुने

यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाका निर्देशक एवं कार्यदलका संयोजक नवीनकुमार सिंहले 'प्रादेशिक सडकमार्फत जीविकोपार्जन सिर्जना' सम्बन्धी निर्देशिका तयारीका लागि कार्यशाला मार्फत 'टास्क फोर्स'ले विज्ञहरुको सुझाव संकलन गरिरहेको बताए ।

विज्ञहरुबाट प्राप्त सुझावलाई संकलन गरेर आगामी दुई महिनाभित्र मस्यौदा तयार हुने उनले बताए । मन्त्रिपरिषद्बाट पास भएपछि सडक योजना छनोट र निर्माण गर्दा यो नयाँ मोडेल कार्यान्वयनमा आउने उनले जानकारी दिए । कार्यशालामा विश्व प्रकृति संरक्षण नेपालका अध्यक्ष तिलक ढकाल, विज्ञ डा. ठाकुर भट्ट, विपिन थापा, प्रदेशका पर्यटन, कृषि, वन मन्त्रालयका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# हाँडीखोलाका मतदाता भन्छन्: 'काम गर्ने नेतालाई फेरि साथ दिन्छौं'



साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/नेकपा (एमाले) बाट मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार महेश बर्तौला यतिबेला गाउँगाउँमा पुगेर मतदाताको भावना बुझ्ने अभियानमा व्यस्त छन् ।

मनहरीका विभिन्न बस्ती घट्टेदमार, भुन्द्रुङ, टाँडी, पर्ता र चकरीमा पुग्दा स्थानीय मतदाताले उनलाई उत्साहजनक समर्थन जनाएका छन् । स्थानीयसँगको भेटघाटमा चुनावी नारा मात्र होइन, बर्तौलाको अघिल्लो कार्यकालमा गरेका कामको मूल्यांकन समेत भएको थियो । अन्तरक्रियाका क्रममा मनहरी-३ का रामभक्त अधिकारीले अहिलेका मतदाता सजिलै बहकाउमा नपर्ने बताए । उनका अनुसार, 'मान्छे अहिले धेरै शिक्षित भइसकेका छन् । कसले कति काम गर्‍यो भन्ने सबैले हेरेका छन् । तपाईंको कार्यकालको समीक्षा भइरहेको छ र राम्रो काम गर्नेलाई जनताले अन्याय गर्दैनन् ।'

त्यस्तै, २६ वर्षीय युवा इन्द्रदेव वाइबाले बर्तौलाको बौद्धिकता, अनुभव र शैक्षिक योग्यताको प्रशंसा गर्दै सांसदका लागि योग्य प्रतिनिधि भएको धारणा राखे । मनहरी-१ का विशाल लामाले बर्तौलालाई अन्य नेताभन्दा फरकरुपमा चित्रण गर्दै, दुःख पर्दा भेटिन सक्ने नेता भएको बताए । उनले बफरजोन र भूमिहीन नागरिकका पक्षमा संसदमा उठाइएका आवाजको स्मरण गर्दै आगामी दिनमा पनि पीडित समुदायका पक्षमा निरन्तर बोलिरहन आग्रह गरे । भेटघाटका क्रममा स्थानीयले वन संरक्षणका कारण भोग्नुपरेका चुनौती तथा त्यसबाट सिर्जना हुन सक्ने पर्यटकीय सम्भावनाका विषयमा समेत छलफल गरेका छन् ।

वनक्षेत्रका कारण जीविकोपार्जनमा परेको समस्यालाई समाधान गर्दै पर्यटन र कृषि विशेषगरी गाईभैंसी पालनसँग जोडेर विकास गर्नुपर्ने माग स्थानीयको छ । हाँडीखोला र मनहरी क्षेत्रका मतदातामा देखिएको उत्साहले आगामी निर्वाचनमा बर्तौला बलियो उम्मेदवारका रुपमा देखिएको छ । भेटघाट कार्यक्रममा एमाले नेता राजाराम स्याङ्तान, पार्टीका मकवानपुर जिल्ला कमिटी सदस्य बीरेन्द्र डिसी, मनहरी अध्यक्ष नवीन सुवेदी, निर्वाचन फोकल पर्सन आशिष अस्लामी, विद्यार्थी नेता प्रभाष घिमिरेलगायतको उपस्थिति रहेको थियो ।

# उम्मेदवार खर्च सीमाभन्दा १० गुणा बढी : चुनाव जित्न एजेन्डा कि पैसा ?

काठमाडौं/चुनाव र खर्च भनेका नङ र मासुजस्तै हुन् । चुनावअघि सरकार र उम्मेदवार दुवैको खल्ती भारी हुन्छ । सकिएपछि रित्तिन्छ । केही समयदेखि त चुनावमा अधिक खर्च गर्ने प्रतिस्पर्धा नै चलेको छ । हुन त 'पैसाले होइन, एजेन्डाले चुनाव जितिन्छ' भन्ने आदर्श कुरा धेरैले गर्छन् । तर, अध्ययनहरूले देखाएका छन्- निर्वाचन आयोगले तोकेको सीमाभन्दा करिब १० गुणा बढी खर्च गरेपछि मात्रै उम्मेदवारले चुनाव जित्ने सम्भावना बलियो हुन्छ ।




यस आलेखमा चुनावमा उम्मेदवार, दल र सरकारको खर्च कति हुन्छ, त्यो पैसा कहाँ-कहाँ जान्छ, पैसा कहाँबाट आउँछ र यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने विश्लेषण गरिएको छ । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य उम्मेदवारका लागि हालै खर्च सीमा तोकेको छ। निर्वाचन क्षेत्र अनुसार यो सीमा २५ लाखदेखि ३३ लाख रुपैयाँसम्म छ ।काठमाडौँ जिल्लाका पाँच निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम २५ लाख खर्च गर्न पाउँछन् ।पहाडी र हिमाली जिल्लाका २६ निर्वाचन क्षेत्रमा अधिकतम ३३ लाखसम्म खर्च गर्न पाउने व्यवस्था छ ।

कागजमा हेर्दा खर्च त्यत्ति नै हो जस्तो लाग्छ । तर, उम्मेदवारहरूको अनुभव र स्वतन्त्र अध्ययनहरूका अनुसार वास्तविक खर्च यो सीमाभन्दा झन्डै १० गुणा बढी हुन्छ । २०७९ सालको प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारले कति खर्च गरे भन्ने विस्तृत स्वतन्त्र अध्ययन भेटिएको छैन । तर, निर्वाचन पर्यवेक्षण समिति नेपालले गरेको एक अध्ययन जुन द एसिया फाउन्डेसनले प्रकाशन गरेको छ, त्यसले २०७४ सालको संघीय निर्वाचनबारे गरेको अध्ययन रोचक छ । त्यो अध्ययनले प्रतिनिधि सभामा जितेर आउने उम्मेदवारले औसतमा २ करोड १३ लाख रुपैयाँ खर्च गरेको देखाएको छ ।

अध्ययनमा संघ र प्रदेशका उम्मेदवारलाई तीन वर्गमा विभाजन गरिएको थियो- जित्ने (विजेता), निकटतम प्रतिद्वन्द्वी (दोस्रो हुने) र अन्य उम्मेदवार । अध्ययन अनुसार त्यसबेला १ सय ८९ उम्मेदवारसँग प्रत्यक्ष अन्तर्वार्ता लिइएको थियो, विस्तृत फारम भराइएको थियो र त्यसका आधारमा खर्च अनुमान निकालिएको थियो ।

नतिजा यसरी देखियो- संघीय प्रतिनिधिसभामा जित्ने उम्मेदवारको औसत खर्च २ करोड १३ लाख रुपैयाँ बराबर थियो । निकटतम प्रतिद्वन्द्वीको औसत खर्च १ करोड ४९ लाख र अन्य उम्मेदवारको औसत खर्च ८५ लाख थियो । त्यो चुनावमा प्रत्यक्ष प्रणालीबाट संघीयतर्फ १ हजार ९ सय ४४ उम्मेदवार थिए । ती सबै मिलेर करिब १९ अर्ब ६३ करोड रुपैयाँ खर्च गरेको निष्कर्ष अध्ययनले निकालेको छ ।

प्रदेशसभातर्फ पनि उस्तै चित्र देखिन्छ । त्यही अध्ययन अनुसार प्रदेशमा विजयी हुने उम्मेदवारको औसत खर्च १ करोड २५ लाख भएको थियो भने दोस्रो हुनेको १ करोड १७ लाख भएको थियो । अन्य उम्मेदवारको ७१ लाखजति भएको थियो । संघ र प्रदेशका उम्मेदवारहरूको कुल खर्च जोड्दा २०७४ सालको निर्वाचनमै उनीहरूले करिब ४५ अर्ब ९५ करोड रुपैयाँ खर्च गरेको देखिन्छ ।

यो वर्ष भने प्रदेशसभा चुनाव हुँदैन । तर, खर्च भने कम हुने संकेत देखिएको छैन । २०७४ को चुनावपछिका ८ वर्षमा कुल ५२ प्रतिशत मूल्यवृद्धि भइसकेको छ । त्यसका आधारमा सिधा हिसाब गर्दा अबको संघीय निर्वाचनमा विजेता बन्न औसतमा सवा ३ करोड जतिको खर्च लाग्ने अनुमान गर्न सकिन्छ । र, सामान्य उम्मेदवारले पनि डेढ करोडभन्दा कम खर्च गरेर चुनाव लडेर टिकिरहन गाह्रो देखिन्छ ।

यो निर्वाचनमा प्रत्यक्षतर्फ ३ हजार ४ सय ८४ उम्मेदवार छन् । उनीहरूले औसत १ करोड ५० लाख खर्च गर्दा ५२ अर्ब २६ करोड खर्च गर्ने देखिन्छ । त्यसबाहेक समानुपातिकतर्फ भने एक उम्मेदवार बराबर राजनीतिक दलले २ लाखका दरले खर्च गर्न पाउने निर्वाचन आयोगको सीमा छ । त्यस हिसाबले समानुपातिक उम्मेदवारका लागि दलहरूले ६४ करोड २६ लाख रुपैयाँ खर्च गर्न सक्छन् । उम्मेदवारका तर्फबाट मात्रै आगामी चुनावमा करिब ५३ अर्ब खर्च हुने अनुमान गर्न सकिन्छ । यसका साथै सरकारले निर्वाचनकै लागि भनेर १९ अर्ब बजेट विनियोजन गरेको छ । चुनावमा उम्मेदवार र सरकारको गरी करिब ७२ अर्ब रुपैयाँ खर्च हुँदैछ । अब प्रश्न उठ्छ- यति ठूलो रकम आखिर जान्छ कहाँ ?

उम्मेदवारले त टिकट लिने क्षणदेखि जितेपछि हुने विजय समारोहसम्म निरन्तर पैसा खर्च गरि रहेका हुन्छन् । पहिलो चरण टिकटको हुन्छ । नेपालमा धेरैजसो पार्टीबाट प्रतिनिधिसभा टिकट लिनै उम्मेदवारले ठुलो खर्च गर्नुपर्ने अवस्था छ । सबै पार्टीमा त्यस्तै छ भन्न सकिन्न, तर पैसा तिरेर टिकट लिएका उदाहरण अहिले पनि प्रशस्तै छन् ।

यो निर्वाचनमा भने केही दलका उम्मेदवारले 'यस पटक त पैसा नतिरी टिकट पाएँ' भनेर आश्चर्य मानिरहेका छन्, अर्थात् प्रवृत्ति थोरै भए पनि कम भएको संकेत देखिएको छ । टिकट पाइसकेपछि असली खेल सुरु हुन्छ- प्रचारप्रसार । अघि उल्लेख गरेको अध्ययनले देखाउँछ, उम्मेदवारको कुल खर्चको करिब ८५ प्रतिशत यही प्रचारप्रसार र कार्यकर्ता परिचालनमै जान्छ । यसमा घरदैलो कार्यक्रम, टोलसभा, जुलुस, ऱ्याली, मतदान केन्द्रहरूमा कार्यकर्ता खटाउँदा उनीहरूको खाना-खाजा, बसोबास तथा मतदातालाई प्रभावित पार्न विभिन्न शीर्षकमा गरिने आर्थिक सहयोग लगायत पर्छन् ।

मतदातालाई पैसै बाँडेर भोट लिने गरेको कुरा पनि धेरैलाई थाहा छ, तर खुला स्वीकार्ने साहस भने थोरैले मात्र देखाउँछन् । प्रचार पछि ठूलो खर्च हुने यातायात हो । जिल्ला, भूगोल र पहुँच अनुसार यातायात खर्च धेरै फरक हुन्छ । २०७४ सालकै अध्ययन अनुसार करिब ७ प्रतिशत खर्च यातायातमै जान्थ्यो ।

त्यस्तै प्रचार सामग्री (पम्प्लेट, झन्डा, टिसर्ट, ब्यानर, फ्लेक्स प्रिन्टिङ आदि) मा करिब ४ प्रतिशत जति खर्च हुने देखिएको थियो । उम्मेदवार विजयी भएपछि 'थ्यांक यु' कार्यक्रम अर्थात् विजय समारोह, भोजभतेर आदिमा पनि खर्च हुन्छ । अध्ययनले यसलाई करिब १ प्रतिशतजति देखाएको छ, तर कतै-कतै यो पनि निकै धेरै हुने गरेको गुनासो सुनिन्छ ।

निकै रोचक कुरा के छ भने उम्मेदवारले चाहेजति नै खर्च गरुन्, अन्त्यमा निर्वाचन आयोगलाई बुझाउने हिसाब भने आयोगले तोकेको सीमाभित्रै मिलाएर दिनुपर्छ । आयोगले दिएको फर्म्याटमा सुरक्षित र 'सन्तुलित' विवरण पेस गरिन्छ, वास्तविकता भने भित्रभित्रै सीमित रहन्छ । यसबाट के प्रष्ट हुन्छ भने निर्वाचन आयोगले तोकेको खर्च सीमा र वास्तविक खर्चबीचको दुरी सानो छैन, करिब १० गुणा छ । यदि कसैले सीमाभन्दा बढी खर्च गरेको औपचारिक रूपमा देखाए वा प्रमाणित भयो भने जरिबाना, अर्को चुनावमा उम्मेदवारी नपाउने जस्ता सजायको व्यवस्था छ ।

यसपालिदेखि त उम्मेदवारले चुनावी खर्चका लागि छुट्टै बैंक खाता खोल्नुपर्ने नयाँ व्यवस्था पनि ल्याइएको छ । तर, व्यवहारमा हेर्दा यी कानुनी व्यवस्था धेरै हदसम्म 'सिम्बोलिक' र 'डेकोरेटिभ' जस्ता देखिन्छन् । धनी उम्मेदवार वा धेरै चन्दा उठाउन सक्नेले सजिलै बढी खर्च गर्न सक्छन् । यसले आर्थिक रूपमा सक्षम उम्मेदवारको वर्चस्व झन् बढाउँछ, कम स्रोत भएका उम्मेदवार भने सुरुमै पछि पर्छन् । अब अर्को महत्वपूर्ण प्रश्न- यति धेरै खर्च बेहोर्न पैसा कहाँबाट जुट्छ ?

पहिलो र मुख्य स्रोत हुन्छ, उम्मेदवारको आफ्नै कोष । दोस्रो स्रोत हुन्छ समर्थक र शुभेच्छुकहरूको सहयोग । त्यसैगरी ठूला व्यवसायी र ठेकेदारहरूबाट उठ्ने चन्दा धेरैजसो उम्मेदवारका लागि निर्णायक स्रोत बन्छ । विदेशमा बसेका आफन्त वा व्यवसायीहरूले पठाउने सहयोग पनि राम्रै हिस्सा हुन्छ । कुनै-कुनै अवस्थामा पार्टी स्वयंले पनि उम्मेदवारलाई केही रकम वा लजिस्टिक सहयोग दिन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

# अबको शिक्षा नैतिकतामा आधारित हुनुपर्छः मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले अबको शिक्षा मानवता र नैतिकता मूल्यमा आधारित हुनुपर्ने बताएका छन् ।

ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था र ज्ञानदीप शिक्षा निकेतन माध्यमिक विद्यालयको २५ औं वार्षिकोत्सवको अवसरमा आयोजित ज्ञानदीप रजत महोत्सव २०८२ शुभारम्भ कार्यक्रममा उनले अबको प्राविधिक शिक्षाका साथै मानव मूल्यमा आधारित शिक्षा हुनुपर्ने बताए । मुख्यमन्त्री बानियाँले आजभन्दा २५ वर्ष अघि अंग्रेजी माध्यमबाट शिक्षा सुरु गरेको ज्ञानदीप शिक्षा निकेतनले शिक्षाक्षेत्रमा पुर्‍याएको योगदानको प्रशंसा गर्दै शिक्षाक्षेत्रमा रहेका समाधानका लागि प्रदेश सरकार प्रतिवद्ध रहेको उल्लेख गरे । अहिलेको युग सूचनाप्रविधिको युग भएकाले शिक्षामा पनि यसलाई सदुपयोग गर्नुपर्नेमा उनको जोड थियो ।



विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ऋषिराम पोखरेलको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देल, हेटौंडा-५ का वडाअध्यक्ष सुशील घिमिरे, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख बद्रीबहादुर पाठकलगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा विद्यावारधि गर्ने व्यक्तिसहित विभिन्न विधामा सम्मान गरिएको थियो । उद्घाटनका अवसरमा विद्यार्थीले निर्माण गरेका विभिन्न सिर्जनात्मक तथा शैक्षिक सामग्री स्टलमार्फत प्रदर्शनी गरिएको थियो ।

कार्यक्रममा एसईई परीक्षामा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थी, सामुदायिक तथा संस्थागत विद्यालयमा माध्यमिक तहमा प्रधानाध्यापकको जिम्मेवारी सम्हालेका दुईजना शिक्षक, शेयर सदस्यलाई सम्मान गरिएको थियो । रजत महोत्सव ३ दिनसम्म चल्ने जनाइएको छ । विद्यालयमा १ हजार ४ सय १० जना विद्यार्थी अध्ययनरत् छन् भने सहकारीमा ५ सय ७८ जना शेयर सदस्य छन् ।

# 'मोहर' जोडी बक्स अफिसमा आमनेसामने

काठमाडौं/यस वर्षको सफल फिल्म 'मोहर'मा अभिनेता पल शाह र अभिनेत्री बेनिशा हमालले जोडी भएर काम गरेका थिए । तर, यतिबेला रोचक संयोग के जुरेको छ भने दुवैको नयाँ फिल्म शुक्रबार बाट एकैसाथ प्रदर्शनमा आएका छन् । पल अभिनीत 'आ बाट आमा' र बेनिशा अभिनीत 'द ब्लू लाइट' बक्स अफिस प्रतिस्पर्धामा उत्रिएका हुन् । दुवै फिल्म विषयका हिसाबले भने फरक छन् ।

दुई फिल्ममध्ये शो संख्यामा 'आ बाट आमा' अगाडि देखिन्छ । यसले पहिलो दिन देशव्यापी १५० भन्दा बढी शो पाएको छ । केही शोमा टिकट बुकिङ पनि राम्रो देखिएको छ । अब दर्शकीय प्रतिक्रिया कस्तो प्राप्त हुन्छ, त्यसले फिल्मको व्यावसायिक भविष्य निर्धारण गर्नेछ । फिल्ममा बाबुआमा र सन्तानबीचको भावनात्मक सम्बन्धलाई केन्द्रमा राखेर कथा भनिएको छ ।

यता, देशभर ७२ शोसहित प्रदर्शनमा आएको 'द ब्लू लाइट'को टिकट बुकिङ अवस्था निराशाजनक देखिएको छ । जसले गर्दा बिहानी शोमा फिल्मको देशव्यापी अकुपेन्सी १० प्रतिशत पनि पुग्न सकेन । यस्तो अवस्थामा फिल्मलाई बक्स अफिसमा व्यापारिक गति बढाउन दर्शकबाट सकारात्मक 'वर्ड अफ माउथ' आवश्यक पर्ने देखिन्छ ।

चन्द्र पन्तको निर्देशनमा बनेको 'आ बाट आमा'मा पलसहित विपना थापा, प्रदीप रावत, साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्त, रचना गौतम, विशाल पहाडी, रवीन्द्र झा, गजित बिष्ट, दीलिप उखेडा, हेमराज अधिकारी लगायतको अभिनय रहेको छ । फिल्ममा ओमकार पन्त, कृष्णप्रसाद सुवेदी, ध्रुव न्यौपाने, प्रकाश कुँवर र क्षितिज ढुङ्गाना निर्मातामा छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# उद्यमसहितको वन व्यवस्थापनले आगलागी शून्य


साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ मनहरी गाउँपालिका-७ की किसान विमला राईको सम्बन्ध केवल वन संरक्षणमा मात्र सीमित छैन, यो उनको दैनिकी, आम्दानी र सुरक्षासँग पनि गाँसिएको छ । सूर्योदयसँगै उनी सामुदायिक वनतर्फ लाग्छिन् ।

झाडी सफाइ, सुक्खा पातपत्कर संकलन र त्यसबाट कम्पोष्ट मल बनाउने काम उनको नियमित कर्म बनेको छ । पातपत्करका लागि डिपाट सामुदायिक वनमा १५ सय फिटका तीनवटा खाल्डा बनेका छन् भने प्रत्येक खाल्डामा १५ सय ट्याक्टर मल उत्पादन हुने गरेको छ । यही उत्पादनमा विमला व्यस्त छिन् । 'खाल्डामा मलमात्र होइन, हाम्रो जीवन नै संगालेको महसुस हुन्छ, साना नानी लिएर घरमा आगो बल्ला भनेर रातभर नसुत्ने हामीलाई यही खाल्डाले आनन्दको निन्द्रा दिएको छ' बिमला भन्छिन् । उनलाई करिब १० वर्ष अगाडिसम्म हिउँदमा वन नजिकैको घर डढेलोले जलाउला भन्ने डर थियो । विस्तारै वनमा काम, खेती र मल उत्पादनको विकल्प ल्याइयो र डढेलो पूर्णरुपमा नियन्त्रण भएपछि निन्द्रा लागेको उनको भनाइ छ ।

अर्धसहरी जीवनशैली भएका र राजमार्ग छेउमा घर भएका विमलाको समुदाय नै यतिबेला सामुदायिक वनभित्र भेटिन्छ । दुईतीनवटा गाईवस्तु पाल्दा अरु काम गर्न नपाइने र त्यसैमा गुजारा नहुने कारण खेती गर्न नै मलले समस्या पारेकामा अहिले भने वनबाट मल र दैनिक ज्यालादारीका रुपमा आम्दानी दुवै पाइरहेको विमला बताउछिन् । उनी भन्छिन्, 'पहिला मलका लागि अनिवार्य पशु पाल्नुपर्ने बाध्यता थियो, गोठ बनाउने, घाँसदाउरा जोहो गर्ने र पशु स्याहार मै धेरै समय खर्च हुन्थ्यो', विमला भन्छिन्, 'अहिले सामुदायिक वनबाटै कम्पोष्ट मल पाइने भएपछि धेरै सहज भएको छ ।' वनमा झरेका पातपत्कर, झाडी सफाइबाट निस्किएको जैविकपदार्थ कम्पोष्टमा परिणत भएपछि खेतका लागि पर्याप्त मल उपलब्ध हुन्छ । यसले माटोको उर्वराशक्ति बढाएको छ, बाली उत्पादन राम्रो भएको छ र रासायनिक मल किन्ने खर्च पनि घटेको छ ।

झाडी सफाइ केवल स्वच्छताका लागि मात्र होइन, आम्दानीको स्रोत पनि बनेको छ । वन उपभोक्ता समूहले सफाइबाट संकलित सामग्रीलाई व्यवस्थित रुपमा मल उत्पादनमा प्रयोग गर्छ । यो मल बिक्री हुँदा समूहलाई आम्दानी हुन्छ, जसको प्रत्यक्ष फाइदा उपभोक्ताले पाउँछन् । विमलाका अनुसार यस आम्दानीले छोराछोरीको पढाइ, घर खर्च र दैनिक आवश्यकतामा सहयोग पुगेको छ । छोराछोरी पाल्न अब पहिलेजस्तो गाह्रो छैन, उनी मुस्कुराउँदै भन्छिन् । झाडी सफाइ र पत्कर संकलनले वनभित्र सुक्खापदार्थ थुप्रिन दिँदैन । यसको व्यवस्थापनले आगलागीको जोखिम घटाएको छ । पहिले हिउँद सुरु हुनासाथ डढेलोको




डरले राति निन्द्रा लाग्दैनथ्यो । अहिले भने वन सफा, चिस्यानयुक्त र निगरानीमा भएकाले समुदाय ढुक्क छ ।

विमलामात्र होइन, यस क्षेत्रका सबै सामुदायिक वन उपभोक्ता समूहका उपभोक्ताको दैनिकी र उपलब्धि उस्तै छ । डिपाट सामुदायिक वनसँगै सीमा जोडिएको सुनाचुरी सामुदायिक वनका उपभोक्ता सरिता ब्लोन बिहानै कागतीका बिरुवा स्याहार गर्न वन पुग्छिन् । उनी भन्छिन्, 'पहिले वन संरक्षण भनेको पहरा दिनुमात्र हो जस्तो लाग्थ्यो, अहिले वनमै खेती गर्न पाउँदा आम्दानी पनि भयो । वन हाम्रो आफ्नै खेतबारीजस्तो लाग्न थालेको छ ।' सुनाचुरी सामुदायिक वनकी उपभोक्ता सरिता आज आत्मविश्वासका साथ वनमा काम गरिरहेको देखिन्छ । तर, उनका लागि १० वर्षअघिको हिउँद अझै पनि डरलाग्दो स्मृतिका रुपमा रहेको छ ।

वनको छेउमै घर भएकी सरिता भन्छिन्, 'राति निन्द्रा लाग्दैनथ्यो, डढेलोले घर भेट्ला कि भन्ने डर हुन्थ्यो ।' छिमेकीको गोठमा आगलागी भएको घटनापछि धेरै रात अनिँदो बसेको सम्झना अझै ताजा छ । तर, अहिले अवस्था फेरिएको छ । वनमा झरेका पातपत्कर संकलन गरी कम्पोष्ट मल उत्पादन सुरु भएपछि आगलागीको जोखिम न्यून भएको छ । 'अब ढुक्क छौं, उनी मुस्कुराउँदै भन्छिन्, 'अहिले वनको निजी सम्पत्तिजत्तिकै माया लाग्छ, माया लागेपछि आगो लाग्न नदिने प्रयास आफैं हुन्छ ।' सरिताका अनुसार सामुदायिक वनमा कागतीखेती गर्न थालिएपछि वनको हेरचाहमा पनि आफूहरुको ध्यान पुग्न थालेको छ । यो कामको फलस्वरुप वनमा आगलागी नभएको उनको भनाइ छ ।

'पहिले डढेलो नियन्त्रण गर्ने भन्ने हुन्थ्यो तर, हामीलाई त्यति चासो थिएन, अहिले भने सबै उपभोक्ताको ध्यान पुग्छ', उनी भन्छिन् । सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहले परम्परागत संरक्षणको अभ्यासबाट बाहिर निस्कँदै वनलाई आम्दानीसँग जोड्ने रणनीति अपनाएपछि उपभोक्ताको सोच र व्यवहार दुवैमा परिवर्तन आएको छ । पहिले दाउरा र घाँस संकलनमा सीमित उपभोक्ता अहिले बिहानदेखि बेलुकासम्म वनमै व्यस्त देखिन्छन् । वनक्षेत्रमा कागती, तेजपत्ता र अम्रिसोखेती सुरु गरिएपछि उपभोक्ताले नियमित आम्दानीसँगै सामुदायिक वन आगलागीबाट सुरक्षित भएका छन् भने बस्ती पनि आगो लाग्नबाट जोगिएका छन् ।

डिपाट सामुदायिक वनका अध्यक्ष डम्बरबहादुर मोक्तान उज्यालो हुनेबित्तिकै वनमा जान्छन् । उनको नेतृत्वमा सामुदायिक वनमा कम्पोष्ट मल र तेजपत्ताखेती भइरहेको छ । दिनमा खेती र रातमा पहरेदारीको काम गर्नु आफूहरुको दैनिकी भएको बताउछन् । ग्रिन फाउन्डेसन नेपालको प्राविधिक सहयोग र वन समूहको आन्तरिक कोषको करिब ३५ लाख रुपैयाँको लगानीबाट मल उत्पादनको काम सुरु गरिएको अध्यक्ष मोक्तानको भनाइ छ । 'पत्कर जलाउने परम्परा हटेपछि वन सफा भएको छ, आगो सल्किने सम्भावना घटेको छ र किसानका लागि जैविक मलको स्थायी स्रोत बनेको उनी बताउँछन् ।

मोक्तानका अनुसार करिब १० वर्षदेखि आगलागी भएको छैन । पूर्णरुपमा आगलागी शून्य रहेको छ । डिपाट सामुदायिक वन आज दिगो वन व्यवस्थापन र स्थानीय समृद्धिको उदाहरण बनेको अध्यक्ष मोक्तानको दाबी छ । उनका अनुसार कुनै समय वनभित्र थुप्रिने पातपत्कर डढेलोको मुख्य कारण थिए । हरेक सुक्खा मौसमसँगै आगलागीको त्रास थियो । तर, उपभोक्ता समूहले ती पत्कर संकलन गरी कम्पोष्ट मल बनाउन थालेपछि वन व्यवस्थापनको सोच नै फेरियो । कम्पोष्ट मल उत्पादन र बिक्रीबाट आएको आम्दानी वन संरक्षण, सर सफाइ, आगलागी नियन्त्रण पूर्वतयारी र उपभोक्ता सचेतनामा पुन: लगानी भइरहेको छ । यसले समुदायमा वनप्रतिको अपनत्व र जिम्मेवारी भावना बलियो बनाएको उनको भनाइ छ ।

**वन जोगाउन सक्रिय उपभोक्ता**

मनहरी गाउँपालिका-७ मा अवस्थित डिपाट सामुदायिक वनसँग सीमाना जोडिएको पशुपति सामुदायिक वन क्षेत्रमा पछिल्ला वर्षमा एक उदाहरणीय अभ्यास सुरु भएको छ । विद्युत् प्रसारण लाइन विस्तारका क्रममा ठूला रुख हटाइएपछि हाइटेन्सन लाइनमुनि खाली जमिन बाँकी थियो । पुन: रुख रोप्न नमिल्ने ती स्थान लामो समयसम्म प्रयोगविहीन रहे, जसका कारण झाडी बढ्ने र हिउँदयाममा आगलागीको जोखिम उच्च बन्दै गएको थियो ।

तर, अहिले ती बेवास्तामा परेका क्षेत्र महिलाका लागि आम्दानी र वन संरक्षण दुवैको आधार बनेका छन् । पशुपति सामुदायिक वन उपभोक्ता समूहले हाइटेन्सन लाइनमुनि जडीबुटी, अदुवा र बेसार खेती सुरु गरेपछि वन व्यवस्थापनको स्वरुप् नै फेरिएको छ । खाली जमिन उत्पादनशील बन्दा झाडी बढ्न पाएन, सुक्खापदार्थ थुप्रिन छाड्यो र आगलागीको सम्भावना उल्लेखनीय रुपमा घट्यो । लालीगुराँस जडीबुटी महिला आयआर्जन समूहकी अध्यक्ष चम्पामाया परियारका अनुसार खेती सुरु भएपछि वनमा बेवास्ता हुने ठाउँ नै बाँकी रहेन । 'पहिले यहाँ झाडीमात्र हुन्थ्यो, हिउँद लागेपछि आगो लाग्ला कि भन्ने डर हुन्थ्यो', उनी भन्छिन्, 'अहिले खेती बनेपछि सफाइ पनि हुन्छ, निगरानी पनि बढेको छ भने आगलागीको जोखिम घटेको छ ।'

दलित समुदायकी चम्पामायाका लागि यो अभ्यास आर्थिक आम्दानीभन्दा पनि सामाजिक परिवर्तनको कथा बनेको छ । सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध भएपछि उनले लेखपढ गर्न थालेकी छन्, बैठकमा आफ्ना कुरा राख्न थालेको र समूहको नेतृत्वसमेत गरेकी छन् । 'पहिले दलित भनेर हेयको नजरले हेरिन्थ्यो, अहिले काम र क्षमताका आधारमा चिनिन थालेकी छु', उनको अनुभव छ । समूहले खेतीसँगै वन संरक्षणलाई पनि प्राथमिकतामा राखेको छ । नियमित झाडी सफाइ, सुक्खा घाँस र पत्कर हटाउने, आगलागी हुनसक्ने स्थानमा सतर्कता अपनाउने र समुदायस्तरमा निगरानी गर्ने काम भइरहेको छ ।

यसले वन क्षेत्रमा डढेलो हुन नदिनेमात्र होइन, माटो मलिलो बनाउन पनि सहयोग पुगेको समूहको दाबी छ । जडीबुटी खेतीबाट बाँकी रहने जैविकपदार्थ कम्पोष्ट मलमा प्रयोग हुँदा माटोको उर्वराशक्ति बढेको छ । वन उपभोक्ता समूहका अनुसार महिलाको सक्रिय सहभागिताले वन संरक्षण थप प्रभावकारी बनेको छ । आम्दानीसँग जोडिएपछि वन जोगाउने जिम्मेवारी पनि साझा बनेको छ । पछिल्ला वर्षमा पशुपति सामुदायिक वन क्षेत्रमा कुनै ठूला आगलागीका घटना नभएको समूहले जनाएको छ । पशुपति सामुदायिक वनको यो अभ्यासले देखाएको छ- सिर्जनात्मक सोच, महिलाको नेतृत्व र सामुदायिक सहभागिता भए वन संरक्षण र जीविकोपार्जनसँगसँगै अघि बढ्न सक्छ । बेवास्तामा परेका जमिन उत्पादनशील बनेका छन्, आगलागीको जोखिम घटेको छ र समुदायमा सामाजिक रुपान्तरणको नयाँ बाटो खुलेको छ ।

**वातावरणीय फाइदा: कार्बनदेखि जैविक विविधतासम्म**

डिभिजन वन कार्यालय मनहरीका वनअधिकृत सुरेशप्रसाद गुप्ताका अनुसार सुक्खा पत्कर, हुरीबतास र मानवीय लापरवाहीका कारण हरेक वर्ष हजारौं हेक्टर वनक्षेत्रमा आगलागी हुने गरेपनि मनहरी गाउँपालिका सुनाचुरी, डिपाट, पशुपति र मनकामना सामुदायिक वनमा विगत १० वर्षदेखि आगलागी नभएको र पछिल्ला सात वर्षयता पूर्ण रुपमा शून्यमा झरेको छ । 'आगोको जोखिम उच्चमानिने क्षेत्रमा आगलागी शून्य हुनु संयोग होइन', गुप्ता भन्छन्, 'यो सचेत योजना, सामुदायिक सहभागिता र वनलाई आम्दानीसँग जोड्ने दूरदृष्टिको परिणाम हो ।'

डढेलो नलाग्दा कार्बनडाइ अक्साइड, मिथेन र सुक्ष्म कणजस्ता हरितगृह ग्यासको उत्सर्जन घटेको छ, जसले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सहयोग पुऱ्याएको छ । जैविक मल प्रयोग बढेकाले माटोको गुणस्तर, चिस्यानधारण क्षमता र कार्बन सञ्चिति बढेको छ । मनहरी क्षेत्रमा निर्माण गरिएका रिचार्ज पोखरीले भूजल पुन:भरण, मुहान संरक्षण, वन्यजन्तुका लागि पानीको उपलब्धता र जल सन्तुलन कायम गर्न महत्वपूर्ण भूमिका खेलेका छन् । विजयसाल, सतिसाल, दार, चिउरी र नीमजस्ता स्थानीय प्रजातिको रोपाइँ तथा लोपोन्मुख सालक संरक्षणका प्रयासले जैविक विविधता संरक्षणलाई थप मजबुत बनाएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईंका अनुसार वनलाई आम्दानीसँग जोडेर आगलागी जस्तो प्रमुख विनाशकारी कारक शून्यमा झारिनु सामुदायिक वनभित्रको सुशासन र दिगो विकासको स्पष्ट उदाहरण हो । मकवानपुरका सबै सामुदायिक वनले यस प्रकारका कार्यक्रम सुरु गर्नु जरुरी छ ।

# कांग्रेस बदलिएको छ, देश पनि बदल्छौं: डीना



साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ नेपाली कांग्रेसका निवर्तमान केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले गत भदौ २३ को घटनापछि कांग्रेस बदलिएको र अब देशलाई पनि बदल्ने बताएकी छिन् ।

उनले गत भदौ २३ गतेअघि सामाजिक सञ्जालमाथि लगाइएको बन्देजको विरुद्धमा कांग्रेस रहेको भन्दै कांग्रेस जेन्जीको मर्म र भावनाअनुसार अगाडि बढ्ने बताइन् । कांग्रेस हेटौंडा उपमहानगर समितिको आयोजनामा हेटौंडाको हटिया, पदमपोखरी र नवलपुरमा भएको प्रतिनिधिसभा निर्वाचन २०८२ लक्षित कार्यकर्ता भेटघाट कार्यक्रममा उनले कांग्रेस अब नयाँ शिराबाट अगाडि बढेको बताइन् । प्रतिनिधिसभा सदस्य क्षेत्र नम्बर १ का उम्मेदवार रहेकी डीनाले भनिन् , 'कांग्रेस बदलिएको छ, अब देश पनि बदल्छौं, यही प्रतिबद्धताका साथ जनतामाझ पुग्न साथीहरुलाई आग्रह गर्दछु ।'

उनले नेपालको संविधान २०७२ मा आफ्नो पनि हस्ताक्षर रहेको स्मरण गर्दै संविधानमा महिला, दलित र जनजाति समुदायको अधिकारलाई सुनिश्चित गर्ने काम भएको बताइन् । 'अबको हाम्रो गन्तव्य रोजगारी सिर्जना र सुशासन हो' उनले भनिन्, 'जेनजीको मर्म र भावनालाई आत्मसात गर्दै अगाडि बढेका छौं ।' कांग्रेस मकवानपुरका सभापति एवं प्रतिनिधिसभा २ का उम्मेदवार बुद्ध लामाले कांग्रेस बदलिएको र अब देशलाई बदल्ने संकल्पका साथ जनतासमक्ष निर्वाचनमा आएको बताए । उनले देशलाई आर्थिक र सामाजिकरुपमा परिवर्तन गर्ने प्रतिबद्धता कांग्रेसको रहेको भन्दै कांग्रेस विध्वङ्समा नभएर निर्माण विश्वास गर्ने पार्टी भएको बताएका छन् ।

कांग्रेस मकवानपुरका पूर्वसभापति एवं निर्वाचन परिचालन समितिका संयोजक माइकल रामचन्द्र अर्यालले कांग्रेस एकताका साथ निर्वाचनमा होमिएको भन्दै नागरिकको समृद्धि नै कांग्रेसको संकल्प भएको बताए । कांग्रेस हेटौंडा उपमहानगर समितिका सभापति उत्सव इटेनीको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस मकवानपुरका पूर्वसभापति र घुरमण न्यौपाने, समानुपातिकतर्फका उम्मेदवार शर्मिला श्रेष्ठ, कांग्रेस नेताहरु आनन्दराम पराजुली, दामोदर खनाल, अर्जुन तिवारी, धिरेन लामा, राजेश बानियाँ, रामकृष्ण कोइराला, लक्ष्मी थिङ, गीता न्यौपाने, कृष्णप्रसाद सापकोटालगायतले लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै आर्थिक समुन्नतिका लागि कांग्रेसले जित्नु आवश्यक भएकोमा जोड दिए ।

# एमालेको पक्षमा मत सिर्जना गर्न बर्तौलाको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनको सरगर्मी बढ्दै जाँदा नेकपा (एमाले) ले आफ्नो तयारीलाई तीव्र पारेको छ ।

काठमाडौंको कलंकीमा नेकपा (एमाले) थाहा-काठमाडौं सम्पर्क मञ्चको बृहत् भेला सम्पन्न भएको छ । भेलाले निर्वाचनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन बिजयबिक्रम श्रेष्ठको संयोजकत्वमा 'निर्वाचन परिचालन कमिटी' निर्माण गरेको छ । यो कमिटीले काठमाडौंमा रहेका थाहा नगरपालिकावासी मतदातासँग समन्वय गर्ने र एमालेको पक्षमा जनमत सिर्जना गर्ने जिम्मेवारी पाएको छ । भेलालाई सम्बोधन गर्दै नेकपा (एमाले) का उम्मेदवार महेशकुमार बर्तौलाले आसन्न निर्वाचन राष्ट्रिय राजनीतिको दिशा तयगर्ने कडी भएको बताए ।

उनले काठमाडौंमा रहेका प्रत्येक थाहावासीलाई 'एमालेको एम्बेसेडर' बनेर गाउँगाउँमा मत सिर्जना गर्न आग्रह गरे । 'यो केवल एउटा सिटको लडाइँ होइन, यो विकास र समृद्धिको अभियानको निरन्तरता हो, उपयुक्त नीति निर्माणको अभियान हो । त्यसैले हरेक कार्यकर्ताले अहिलेदेखि नै एमालेको पक्षमा जनलहर पैदा गर्न लाग्नुपर्छ,' बर्तौलाले भने । एमाले मकवानपुर-२ का निर्वाचन फोकल पर्सन आशिष अस्लामीका अनुसार कार्यक्रममा थाहा नगरपालिकाबाट विभिन्न पेसा र व्यवसायको सिलसिलामा काठमाडौंमा बसोबास गर्ने १६० भन्दा बढी सक्रिय कार्यकर्ता तथा शुभेच्छुकको उपस्थिति रहेको थियो ।

संविधानसभा सदस्य सुभाषचन्द्र ठकुरी, सम्पर्क समन्वय अध्यक्ष अशोक ठकुरी, सम्पर्क मञ्च जिल्ला अध्यक्ष चित्र पुलामी, एमाले थाहानगर उपाध्यक्ष हेम लामा लगायत नेताको उपस्थिति रहेको थियो । भेलाले काठमाडौंमा रहेका मतदातालाई मतदानका लागि गाउँसम्म लैजाने र चुनावी अभियानलाई टोलटोलमा पुऱ्याउने कार्ययोजना पारित गरेको छ ।

# ध्वनि प्रदुषण गर्ने डान्सबार संचालनमा रोक लगाउन माग

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ हेटौंडामा ध्वनि प्रदुषण गरी डान्सबार संचालन गर्ने कार्य रोक्नुपर्नेमा जोड दिइएको छ । मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा जिल्ला प्रहरी कार्यालय मकवानपुरका नव आगन्तुक प्रहरीप्रमुख प्रहरीउपरीक्षक श्याम खत्रीसँग समसामयिक विषयमा भएको छलफलमा यस्तो माग गरिएको हो ।

कार्यक्रममा समाजमा अरुलाई असहज हुनेगरी ध्वनि प्रदुषण गरी डान्सबार संचालन भएको भन्दै यस्ता कार्य तत्काल रोक्नुपर्ने माग गरिएको थियो । पर्यटनमा असर पर्नेगरी भारतीय साना सवारीलाई राजमार्गबाट डाइभर्ट गरी हेटौंडाको बाइपास ढाटमा पुऱ्याइ करअसुल्ने कार्य रोक्नुपर्ने, अत्यधिक ध्वनि प्रदुषण सहित मोटरसाइकल चलाउने प्रवृत्ति देखिएकोले कारवाही गर्नुपर्ने र सुमो काउण्टर परिसरमा यात्रुसँग सिट सुरक्षित गर्न वार्तालाप गर्नुपर्नेमा बाहिर सडकमा आइ असम्बन्धित मान्छेलाई डाक्ने कार्य अभद्र देखिएकोले निरुत्साहित गर्नुपर्ने माग गरिएको छ ।

प्रहरीउपरीक्षक खत्रीले नेपालको गाँजा छिमेकी मुलुकमा पुगी प्रशोधन गरी खैरोहेरोइनको रुपमा नेपाल भित्रिने गरेको भन्दै हत्याहिंसा बढ्दै जाँदा प्रहरी हिरासत र कारागार भरिँदै गएको बताएका छन् । उनले गुणस्तरीय सिसिटिभी सडक सुरक्षाको लागि आवश्यक रहेको र गुण्डागर्दी नियन्त्रण गर्न प्रहरी परिचालन गरी कारबाही गरिने जनाउँदै विगतमा तीन महिनामा गलत तरिकाले सवारी चलाउँदा २२२ वटा मोटरसाइकल चालकलाई कारबाही चलाएको जानकारी दिए ।

संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले चौकीटोलस्थित तरकारी बजारमा प्रहरी बिटको आवश्यक भएको भन्दै बढ्दो चोरीका घटना न्यूनीकरण गर्न कडाइ गर्नुपर्ने गर्नुपर्नेमा जोड दिए ।

## सूचना ! सूचना ! सूचना !

यहि मिति २०८२ साल माघ १६ र १७ गतेका दिन हेटौंडा उपमहानगरपालिका १० नम्बर वडा कार्यालयको आयोजनामा हेटौंडा उपमहानगरपालिका अन्तर्गतका १९ वटै वडा भरिका घरेलु तथा हस्तकला, कृषि, ढाका लगायतका क्रियाकलाप समेटी तेस्रो घरेलु उत्पादन प्रदर्शनी तथा नृत्य प्रवर्द्धन कार्यक्रम हुने भएकोले सम्पूर्णमा जानकारी गराइन्छ ।

हेटौंडा उपमहानगरपालिका
१० नं. वडा कार्यालय
बसपार्क, हेटौंडा, मकवानपुर

*स्वस्थ पेट तथा पाचन, स्वस्थय जीवन*


**बरिष्ठ पेट तथा कलेजो रोग विशेषज्ञ डाक्टर अब माघ १७ गते शनिबार हेटौंडा सिटी अस्पतालमा**

**पेट तथा कलेजो रोग सम्बन्धी विभिन्न समस्याहरू जस्तै:**

- ग्याष्ट्रिक/अम्लता-Gastritis
- Ulcer अल्सर (पेट/आन्द्राको अल्सर)
- प्यान्क्रियाटाइटिस/अग्न्याशयको सुन्निने/सूजन
- मुख/वान्तामा तथा दिशामा रगत आउने
- तौल घट्ने, भोक नलाग्ने
- हिमोराँइट (Piles), फिसर
- कलेजो तथा पित्त थैली सम्बन्धी समस्याहरु
- पेट दुखाई, अपच, पेट फुल्ने/पानी जम्ने
- जन्डिस (Jaundice–Alcoholic तथा Viral hepatitis

**साथै अन्य पेट तथा कलेजो सम्बन्धी सेवाहरू:**

- Endoscopy/एन्डोस्कोपी
- USG/भिडियो एक्स-रे
- Proctoscopy/प्रोक्टोस्कोपी
- LFT (Liver Function Test)
- H. pylori test
- Viral Hepatitis Profile आदि




"फोनबाट पनि अग्रिममा नाम लेखाउन/Appointment को व्यवस्था छ ।"

**डा. विजय के.सी.**
बरिष्ट पेट तथा कलेजो रोग विशेषज्ञ
DM Gastroenternlogy and Hepatology
MBBS, MD Internal Medicine, DM
NMC No. 8185

थप जानकारीको लागि
**हेटौंडा सिटी अस्पताल**
सम्पर्क नं. ०५७-५२०३१५, ९८४१३२८८६५

*Whole body check-up package/"होल बडी चेक-अप प्याकेजको पनि व्यवस्था छ ।"*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना